# लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मिक्लाजुङ गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/443

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
मिक्लाजुङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ७३ लाख १४ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३ करोड ११ लाख १६ हजार, शिक्षा क्षेत्र सुधार कार्यक्रममा रु. ३३ लाख ९७ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १४ हजार समेत गरी रु.१८ करोड २२ लाख ४१ हजार समावेश गरेको छैन।

२. यस गाउँपालिकाको रु.१ अर्ब ६१ करोड २१ लाख ४८ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ७९ सैद्वान्तिक दफा सहित रू३ करोड ८८ लाख ८८ हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिक्रिया प्राप्त नभई असुल गर्नुपर्ने रू ५७ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७७ लाख २६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४९ लाख ३३ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु.२० करोड २८ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत अद्यावधिक बेरुजू रु.१९ करोड ६७ लाख ३८ हजार देखिएको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मिक्लाजुङ्ग गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **मिक्लाजुङ्ग गाउँपालिका**को व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७९ | १४७ | ३,८८,८७,९२० | ० | ० | ० | ० | ७९ | १४७ | ३,८८,८७,९२० | ५७,६२,०१९ | १,४९,३२,५४४ | १,७७,२६,३०९ | ० | ० | ३,२६,५८,८५२ | ४,६७,०५० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | २०,२८,९०,००० | ० | ४,५०,३९,७४४ | १५,७८,५०,२५६ | ० | ३,८८,८७,९२० | १९,६७,३८,१७६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५८ | संशोधित लागत अनुमान तयार नगरेको | १९,२९,५१२ |
| २ | २०७८/७९ | ६५ | प्रोत्साहन भत्ता | ३,२७,६३६ |
| ३ | २०७८/७९ | ५३ | दर रेट समायोजन | १६,७८,१५४ |
| ४ | २०७८/७९ | ६३ | टुक्रा पारी खरिद | १५,८०,९१८ |
| ५ | २०७८/७९ | ४४ | खर्च शिर्षक | १४,६४,२३१ |
| ६ | २०७८/७९ | ४८ | उपभोक्ता समितिबाट १ करोडमाथिको काम | १,९३,५४,७८२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७७/७८ | ४३ | सोझै खरिदः | २८,२७,९९९ |
| ८ | २०७७/७८ | ४७ | पाठ्यपुस्तक अनुदानः | ३०,९३,६२३ |
| ९ | २०७७/७८ | ३१.३ | खोला जन्य पदार्थको विक्रि अवस्था | १,१६,३७,१०० |
| १० | २०७८/७९ | २३ | करार कर्मचारी व्यवस्थापन | ११,४५,७९० |
| जम्मा | | | | ४,५०,३९,७४४ |

# (८०११३५०८३०० - मिक्लाजुङ गाउँपालिका, मोरङ)

# परिचय

१ **परिचय**

**(क) परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ९ वडा र ४९ सभा सदस्य रहेका छन् । पालिकाको क्षेत्रफल १५८.९८ वर्ग किलोमिटर तथा ८३०९ घरधुरी, ८२.९ प्रतिशत साक्षरता दर र ३३१६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।७ देखि २०८१।८।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार लिई सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीको कार्यसम्पादन रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमा लेखापरीक्षणमा रहेका छन् । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु थप सीमाको रुपमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- मिक्लाजुङ्ग गाउँपालिकाको रु.१ अर्ब ६१ करोड २१ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७७।७८ को बेरुजु दफा ४६.१ नमूना विद्यालय भौतिक पूर्वाधार निर्माणको रकम दाखिला प्रमाण पेश । | ० |
| २ | देनिक भ्रमण भत्ता दोहोरो भुक्तानी असुल दाखिला | ४१०० |
| ३ | विभिन्न ५ व्यवसायीको नियन्त्रणमा रहेको नदीजन्य पदार्थको स्टक प्रमाणीत गरी असुल गरेको रु ३१५२४२९ मा समावेश भएको मुल्य अभिवृद्धी कर रु ३६२६६८।८२ दाखिला | ३६२६६८.८२ |
| ४ | विभिन्न ५ खोला नाका क्षेत्रबाट ठेक्का नलगाइ स्थानीय विकास निर्माणमा राखिएको परिणाम प्रमाणित गरेको रु.३३९७००२।७९ मा समावेश भएको मुल्य अभिवृद्धि कर रु ३९०८०५।६३ दाखिला | ३९०८०५.६३ |
| ५ | बढी तलव भुक्तानी भएको रकम असुल दाखिला । | ६८५५ |
| ६ | Nepal Material Handling E-Works लाई बढी भुक्तानी भएको रकम असुल दाखिला । | ५०५२० |
| ७ | कल्पना घिसिङ्गबाट किशोरी सशक्तिकरण कार्यक्रमको पेश्की बेरुजु फिर्ता दाखिला | ७५००० |
| ८ | ढुंगा गिट्टी बालुवासम्बन्धित ठेक्काको मुद्दा सम्बन्धमा पालिकाले उच्च अदालत बिराटनगरमा रु ४७७११२ धरौटी राख्ने प्रयोजनका लागि नविन कार्कीलाई पेश्की दिएकोमा धरौटी कायम भएको रु ४६७०५० लाई उच्च अदालतको नाममा पेश्की कायम गर्ने र बाँकी रकम फिर्ता दाखिला भएको प्रमाण पेश | १००६२ |
| ९ | प्रमुख प्रशासकिय अधिकृत डम्मरु बल्लभ खनाललाई नवौ तहको तलव भत्ता भुक्तान भएकोमा बढी भुक्तानी असुल | ६८५५ |
| १० | नेपा मटरियल ह्य्याण्डलिङ्ग ई वर्क्सलाई बढी भुक्तानी भएको रकम असुल भै दाखिला | ५०५२० |
| ११ | सहकारी सम्बन्धित तालिममा नर्म्सभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला प्रमाण पेश | १५७०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय/आर्थिक विवरण**

२.१ **एकिकृत वित्तिय प्रतिवेदन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । सुत्र प्रणालीमा स्थानीय कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा समावेश गरिएको तथा पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको एकिकृत आय व्ययको समष्टिगत विवरण निम्नानुसार रहेको छ :

आर्थिक बर्ष २०८०।८१ को आर्थिक बिवरण

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ११२०४७९०४ | १ | चालु खर्च | ३८०५८४४२० | ३८०५८४४२० |
| | क) संचित कोष | ९१५२७९४२ | | २ | पूँजीगत खर्च | १८९८७०८७७ | १८९८७०८७७ |
| | ख) धरौटी खाता | १८३८६२७५ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | ० |
| | ग) विविध खर्च खाता | १२५३०५७ | | | क) ऋण भुक्तानी | ० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ६००० | | | ख) ब्याज भुक्तानी | ० | |
| | ङ) बिबिध कोष खाता | ८७४६३० | | | | | |
| | च) आन्तरीक राजस्व खाता | ० | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | १९५५६६६९२ | ४ | लगानी | | ० |
| | क) आन्तरिक राजस्व | ३५१९७४२० | | क) | ऋण लगानी | ० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ८३९२६१३८ | | ख) | शेयर लगानी | ० | |
| | ग) प्रदेश सवारीसाधन कर | ५९२२९६९ | | ग) | अन्य लगानी | | |
| | घ) जनसहभागीता नगद | ४२५२११२ | | | | | |
| | ङ) स्थानीय राजस्व बाँडफाँड | ६६२६८०५२ | | | | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३७७१३८१८० | ५ | विभिन्न कोषतर्फको खर्च | | ३०३४३३४१ |
| | क) वित्तिय समानीकरण अनुदान | १००७१९००० | | | | | |
| | ख) सशर्त अनुदान | २५२९१९१८० | | | क) विविध खर्च खाता | २१५४१५०६ | |
| | ग) समपूरक अनुदान | १६०००००० | | | ख) प्रकोप व्यावस्थापन कोष | ० | |
| | घ) विशेष अनुदान | ७५००००० | | | ख) धरौटी फिर्ता | ८८०१८३५ | |
| | | | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २२६७२००० | ७ | अनुदान फिर्ता | | १७१६९९४६ |
| | क) वित्तिय | ६८२२००० | | | क) संघीय सरकार | १५४१४३६५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानीकरण अनुदान | | | | तर्फ फिर्ता | | |
| | ख) सशर्त अनुदान | ६१००००० | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | १७५५५८१ | |
| | ग) समपुरक अनुदान | ९७५०००० | | ८ | मौज्दात | | १२३७५८३३३ |
| | घ) विशेष अनुदान | | | | क) सञ्चित कोष खाता | ९९२७०८७१ | |
| ५ | अन्तर सरकारी अख्तियारी | | १८२२४१६३१ | | ख) चालु खर्च खाता | ० | |
| | क सामाजिक सुरक्षा | १४७३१४०९२ | | | ग) पुजिगत खर्च खाता | ० | |
| | ख) गरिव संग विश्वेश्वर | ४१४५०० | | | घ) धरौटी खाता | १७५९५७५३ | |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१११६००० | | | ङ) प्रकोप व्यावस्थापन कोष | ६००० | |
| | घ) शिक्षा क्षेत्र सुधार कार्यक्रम | ३३९७०३९ | | | च) विविध खर्च खाता | ६०११०७९ | |
| | | | | | छ) विविध कोष खाता | ८७४६३० | |
| ६ | अन्य | | ० | ९ | जनश्रमदान मौज्दात | | |
| | क) जिल्ला समन्वय समिति | ० | | १० | अन्तर स्थानीय तहको खर्च | | १८२२४१६३१ |
| | ख) सडक बोर्ड नेपाल | | | | क सामाजिक सुरक्षा | १४७३१४०९२ | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | ख) गरिव संग विश्वेश्वर | ४१४५०० | |
| | घ) एन एन एस डब्लु | | | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१११६००० | |
| ७ | विभिन्न कोषतर्फको आय | | ३४३१०८४१ | | घ) शिक्षा क्षेत्र सुधार कार्यक्रम | ३३९७०३९ | |
| | क) विविध खर्च खाता | २६२९९५२८ | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | ० | | | अन्य बहाल कर दायित्व | | ८७०० |
| | ग) धरौटी आय | ८०११३१३ | | | | | |
| | क) विविध कोष खाता | ० | | | | | |
| ८ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| ९ | जनसहभागिता (नगद) | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | लगानीको साँवा फिर्ता | | | | | | |
| ११ | अन्य विविध आय | | | | | | |
| | जम्मा | | ९२३९७७२४७ | | जम्मा | | ९२३९७७२४७ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २.२ मधुमल्ला अस्पताल :-

| आर्थिक बर्ष २०८०।८१ को आर्थिक बिवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १२५३०५७ | १ | खर्च | | १७६३३२६८ |
| | ग) विविध खर्च खाता | १२५३०५७ | | | क)अन्य भत्ता | १७६९९० | |
| | | | | | ख) पानी बिजूली | २३४२९६ | |
| २ | प्राप्त आम्दानी | | २२३९१२९० | | ग) संचार महसुल | ३६२५० | |
| | क) स्वास्थ्य विमा बोर्ड | १९८८०००० | | | घ) मशलन्द तथा कार्यालय सामाग्री | १०१५०२९ | |
| | ख) हस्पीटलको आन्तरिक आम्दानी | १०११२९० | | | ङ) सेवा र परामर्श | २१८०४८६ | |
| | क) अन्य आम्दानी | १५००००० | | | च) करार सेवा शुल्क | ३५४८९१३ | |
| | | | | | छ) कार्यक्रम खर्च | ४०८१७९ | |
| | | | | | ज) विविध खर्च | ६२९२३ | |
| | | | | | झ) औषधि भुक्तानी | ६४९८२८२ | |
| | | | | | ञ) मेशिनरी औजार | १२५५५०० | |
| | | | | | ट) अन्य सार्बजनिक निर्माण | २२१६४२० | |
| | | | | २ | आषाढ मशान्तको मौज्दात | ६०११०७९ | ६०११०७९ |
| | जम्मा | | २३६४४३४७ | | | | २३६४४३४७ |

२.३ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको अन्य बहाल कर कट्टी रु ८७०० दायित्व देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७०० |

## ३ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| रु.हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिकखर्च | | | | |
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| जम्मा खर्च | १८९८७० | ९२१७ | २४५९० | ३६२६६ | ११९७९१ | ८३५५२ |
| खर्च प्रतिशत | १०० | ५ | १३ | १९ | ६३ | ४४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१८ करोड ९८ लाख ७० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९२ लाख १७ हजार (४.८५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ४५ लाख ९० हजार (१२.९५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ६२ लाख ६६ हजार (१९.१० प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ९७ लाख ९१ हजार (६३.०९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ३५ लाख ५२ हजार (४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ४ बजेट पेश, पारित र अख्तियारी -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दिनेश पौडेलले मिति २०८०।०३।२० गते रु.८१ करोड ६६ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्ष श्री बबी कुमार राईले मिति २०८१।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिदा बजेटको कार्यान्वयन पक्षमा प्रभावकारीता वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

## ५ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु १ करोड ७८ ५३ लाख ४० हजार अबण्डा बजेट व्यवस्था गरी संलग्न अनुसूची बमोजिमका १६ शिर्षकअन्तर्गत कार्यपालिकाको निर्णयबाट समय समयमा छुट्टै निर्णय गरी रु. १ करोड ५२ लाख १० हजार खर्च गरेको छ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | विविध खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ३४५००००. | ३४३०४३४. |
| २ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ३००००००. | ३००००००. |
| ३ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | राजस्व बाँडफाँड – स्थानीय | १७५०४००. | १७२१२७०. |
| ४ | सडक योजनाहरु मर्मत सम्भार | आन्तरिक श्रोत | १००००००. | ८८०६०३. |
| ५ | वडा भरिका बाटो ग्राभेल तथा ड्रेन निर्माण (वडा समितिको निर्णय अनुसार) | नेपाल सरकार - समानिकरण अनुदान | ९०००००. | ८७३०००. |
| ६ | अन्य फिर्ता खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | २००००००. | ८६५७१८. |
| ७ | सडक योजनाहरु मर्मत सम्भार | नेपाल सरकार - समानिकरण अनुदान | २००००००. | ८२८४६२. |
| ८ | खेलकुद तथा अतिरिक्त कृयाकलाप संचालन कार्यक्रम | आन्तरिक श्रोत | ८०००००. | ७९६७३१. |
| ९ | वडा भरि सानासाना बाटाहरुमा ग्राभेल तथा स्तरउन्नती | नेपाल सरकार - समानिकरण अनुदान | ६०००००. | ५७८२०३. |
| १० | अभिभावक विहिन विद्यार्थी सहायता | नेपाल सरकार - समानिकरण अनुदान | ५५००००. | ५३७०००. |
| ११ | भैपरी आउने अन्य सार्वजनिक निर्माण सम्बन्धी योजनाहरुको संचालन | नेपाल सरकार - समानिकरण अनुदान | ३१५०००. | ३१४४६५. |
| १२ | विद्यालयहरुलाई कम्प्यूटर तथा एल ई डी टिभि खरिद | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००. | २९९५६३. |
| १३ | बिद्यालय तथा वडा कार्यालयको लागि एलसिडि खरिद | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००. | २९९४५०. |
| १४ | मागमा आधारित तालिम तथा प्रबोधिकरण | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३६५०००. | २७५६०४. |
| १५ | विद्यालयका लागि कम्प्यूटर खरिद | आन्तरिक श्रोत | २६००००. | २६००००. |
| १६ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | राजस्व बाँडफाँड - संघीय सरकार | २४९६००. | २४९६००. |
| | जम्मा | | १७८४००००. | १५२१०१०३. |

**(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६ क्षेत्रगत बजेट र खर्चको स्थिति -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७१७५९०००. | ५२८७९८८७.२६ | ९.२७ |
| सामाजिक क्षेत्र | ३३२७६०३००. | २८५४८३७४३.६९ | ५०.०४ |
| पूर्वाधार विकास क्षेत्र | २८२११२२८०. | ११७६७११६९.८२ | २०.६३ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | २१०६८०००. | १३२७३५५५.१५ | २.३३ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १३९४०७२०. | १०११४६९४१.२७ | १७.७३ |
| **जम्मा** | **७२१६४०३००.** | **५७०४५५२९७.१९** | **१००.** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५०.०४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र सबै भन्दा कम २.३३ प्रतिशत रहेको छ।

## ७ जनशक्ति व्यवस्थापन

जनशक्ति व्यवस्थापन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा कार्यवोझ, राजस्व क्षमता, खर्चको आधार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यान दिनुपर्ने तथा उपदफा ४ र ५ मा कर्मचारी दरवन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत विश्लेषण र त्यस्तो खर्चको श्रोत सुनिश्चित हुने गरी मात्र दरवन्दी प्रस्ताव गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नेपाल सरकारको २०७४।१२।१४ (अन्तरिम) र २०७५।९।९ को निर्णयानुसार स्थानीय तहको संगठन संरचना र दरवन्दी तेरीजअनुसार पालिकातर्फ १९ र वडातर्फ १८ समेत गरी जम्मा ३७ दरवन्दी स्वीकृत भएतापनि पालिकाले विभिन्न मितिमा गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार पालिकामा स्वास्थ्य, नगर प्रहरी, कार्यालय सहयोगी समेत १४९ जनशक्ति कार्यरत रहेको देखिन्छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण सभावाट स्वीकृत गरेको देखिएपनि प्रदेशबाट स्वीकृत भएको देखिएन । आवश्यक दरवन्दी स्वीकृत गरी सोमा स्थायी पदपूर्ती गर्न लोकसेवा आयोग समक्ष माग गर्नु पर्ने देखिन्छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा कार्यवोझ, राजस्व क्षमता, खर्चको आधार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यान दिई थप जनशक्ति प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत विश्लेषण र त्यस्तो खर्चको श्रोत सुनिश्चित गरेर मात्रै जनशक्ति व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ८ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले संलग्न अनुसूची बमोजिमका ३३ शिर्षकमा कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनका लागि रु १९ करोड ७४ लाख बजेट विनियोजन भई रु १८ करोड ४७ लाख अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरिएको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी श्रोतको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिई वितरण भएको अनुदानको सार्वजनिकरण समेत गरिनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ९ नीति तथा कार्यक्रम कार्यान्वयन

मिक्लाजुङ्ग गाउँपालिकाकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८०।८१ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसारको रहेको छ :

| क्र स | घोषित कार्यक्रम, योजना वाविषय | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | मेरो जमिन बाझो छैन स्व:घोषणा कार्यक्रम | कार्यान्वयन नभएको |
| २ | पालिकास्तर किसान राहत कोषस्थापना | किसान राहतकोष स्थापना तथा संचालनको कानून निर्माणको चरणमा रहेकोले हालसम्म स्थापना नभएको । |
| ३ | जनप्रतिनिधिलाई कृषि कर्ममा समाहित गर्न "म जनताको प्रतिनिधि म गर्छु कृषि कर्म" | कार्यान्वयन नभएको |
| ४ | सामुदायिक होमस्टे सञ्चालन | वडा नं १ को लेकडाँडामा नेपालहोटल प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा होमस्टे सम्बन्धी तालिम संचालन गरी दर्ता प्रक्रियामा रहेको |
| ५ | पर्यटकिय डिजिटल सूचना केन्द्र स्थापना | स्थापना नभएको ।आर्थिक बर्ष२०८१।०८२ मा पर्यटन क्षेत्रहरुको डिजिटल प्रोफायल निर्माणको कार्यक्रम रहेको |
| ६ | व्यापार व्यवसायको अभिलेख र वर्गीकरण | गाउँपालिकाको प्रोफायल निर्माणको चरणमा रहेकोले कार्यान्वियन हुने |
| ७ | बहुप्राविधिक प्राविधिक शिक्षालयसञ्चालन | CTEVT बाट सम्बन्धन प्राप्त हुनबाँकी रहेको |
| ८ | विद्यालय समायोजन | वडा नं ७ मा करीब १०० मिटरको फरकमा रहेको मनोहर जनता मा वि र भगवती माबिलाई समायोजन गरी एउटा विद्यालय बनाउनको सरोकारवालाहरुसँग छलफल बैठक आह्वान गरिएको |
| ९ | पहाडी भूभागका सबै क्षेत्रमा खानेपानी विस्तार | करीब सबै वडाहरुमा खानेपानी सुबिधा रहेको |
| १० | बजार क्षेत्रको फोहोर व्यवस्थापन र ल्याण्डफिल साईटको व्यवस्था | PPP मोडलबाट फोहोरमैला व्यवस्थापन गर्न नीति निर्माणको चरणमा रहेको |
| ११ | मिक्लाजुङ्ग कोशेली घर निर्माण र सञ्चालन | वडा नं ७ मा कोशेली घर निर्माण भई संचालनमा रहेको |
| १२ | गाउँपालिकाको डिजिटल प्रोफाईल तयारी | प्रोफायल निर्माणको लागि परामर्शदाता छनौट भई काम सुरु हुन लागेको |
| १३ | मधुमल्ला बजारमा बसपार्क निर्माण | डिपिआर र वातावरणीय अध्ययनप्रतिबेदन तयारी भएको । जग्गा प्राप्तिको चरणमा रहेको |
| १४ | मिक्लाजुङ्ग कम्प्लेक्स भवननिर्माण | डिपिआर र वातावरणीय अध्ययन भईऋणको नगर विकास कोषमा प्रस्ताब पेश भई फिजिबिलिटी सर्भे भएको |

पालिकाले कार्यान्वयन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वियनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र घोषित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १० पूर्वाधार लगानीमा स्वामित्व

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका २८ पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न विवरण माग गरिएकोमा स्वामित्वको अवस्था खुलाई पेश गर्ने गरी विवरण माग गरिएकोमा सम्बन्धित संस्थाको नाममा र व्यक्तिको नाममा नै स्वामित्व रहेको समेत देखिएको छ । सो मध्ये १४ योजनासँग सम्बन्धित जग्गाको स्वामित्व सम्बन्धित संस्था र व्यक्तिको नाममा रहेको देखिएको र निम्नानुसारका योजना व्यक्तिको जग्गामा निर्माण भएको देखिएकोले जग्गाको स्वामित्व सार्वजनिक कायम गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १०.१ | कोल्ड स्टोर निर्माण, सिर्जनात्मक साना किसान कृषि सहकारी संस्था ली | ९३७,२४६ |
| १०.२ | खोलागाउँ कृषि संकलन केन्द्र निर्माण | ४००,००० |
| १०.३ | नागरिक सचेतना केन्द्रमा शौचालय निर्माण | २३४,३३४ |
| १०.४ | साझवोटे फुटवल ग्राउण्ड निर्माण (वडा नं. १) | ४१८,५८५ |
| १०.५ | साझवोटे फुटवल ग्राउण्ड निर्माण (वडा नं. १) | ५००,००० |
| १०.६ | साना किसान कृषी सहकारी संस्था लि. को अपुर्ण गोदाम घर निर्माण मिक्लाजुङ ९ मधुमल्ला | १,४९९,००० |

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | ३९,८९,१६५ |
|---|---|

## ११ मिडिया/सञ्चार सम्बद्ध खर्च

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य ४५ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु ३४ लाख ९२ हजार भन्दा बढी खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १२ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु ८७ लाख बराबर बजेट विनियोजन गरी सञ्चालन गरेका संलग्न उदाहरण बमोजिमका २९ कार्य जिन्सी, कृषि सामाग्री खरिद, खरिद लगायतका वितरणमुखी कार्यक्रममा रु ३६ लाख भन्दा बढी खर्च गरेको छ । वितरणमुखी प्रकृतिका खर्च शिर्षक फरक गरि भुक्तान भएका प्रशासनिक खर्च, आर्थिक सहायता, अनुदान सहायता लगायतमा समेत समावेश भएकोले थप मात्रामा समेत रहेका छन् । पालिकामा उपलब्ध सिमित श्रोतलाई माग, वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १३ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरण :-

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्बन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्बन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । पालिकामा भु उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको छ । सो मा उल्लेख भएका व्यहोराहरुको प्रभावकारी कार्यान्वयन नदेखिदा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

**<u>वजेट व्यवस्थापनतर्फ</u>**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

**<u>खरिद व्यवस्थापन तर्फ</u>**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

**<u>भ्रमण खर्च व्यवस्थापनतर्फ</u>**

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं

कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक

तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थलको कार्य अगाडी बढेको देखिएन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

**सामाजिक सुरक्षातर्फ -**

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ यसको पूर्ण कार्यान्वयन कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१५ **न्यायीक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुल १४ विवाद दर्ता भएकोमा ९ वटा मुद्दाको समाधान भएको, र ६ वटा मुद्दा वाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१६ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले ऐन १७ वटा, नियमावली ७, कार्यविधी ४१, र निर्देशिका ७ वटा पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | जम्मा |
|---|---|---|---|---|---|
| लेखापरिक्षण अवधि सम्म निर्माण भई कार्यान्वयनमा भएको कानूनकार्यविधि | १७ | ७ | ४१ | ७ | ७२ |

**१७ जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा कतिपय मालसामान प्रयोगमा नरहेकोले भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।

**१७.१ PAMS प्रणाली अध्यावधिक :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाबाट तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा सहायक जिन्सी खातामा कुल ४३ वटा ल्यापटप रहेको देखिएकोमा ३४ वटा मात्र PAMS प्रणालीमा ईन्ट्रि भएको तथा वडा कार्यालयहरुमा प्रदान गरिएको ल्यापटपहरु समेत PAMS प्रणालीमा ईन्ट्रि हुँन बाँकी रहेको भनि उल्लेख गरेको हुँदा सवै ल्यापटपहरु PAMS प्रणालीमा ईन्ट्रि गरी पूर्ण रुपमा PAMS प्रणाली लागु गर्नु पर्दछ ।

**१७.२ सरकारी सम्पत्ती अभिलेख :**

स्थानीय सरकार संचालन ऐन ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।

**१७.३ जिन्सी मौज्दात :**

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागू गरेको छ । आर्थिक वर्ष २०८०।८१ को PAMS प्रतिवेदन अनुसार कार्यालयमा खर्च भएर जाने सामानको मौज्दात रु.५४,६६,४१०।- बाँकी रहेको देखिएको हुँदा मौज्दात सामान एकीन गरी आर्थिक वर्ष २०८१।८२ को (PAMS-V2) प्रणालीमा मौज्दात अ.ल्या. गर्नु पर्दछ ।

**१८ सेवा प्रवाह-**

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्ययिबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

| क्र.स. | सेवा प्रवाहको विवरण | सेवा प्राप्तीको लागि प्राप्त निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| 1 | नागरिकता सिफारिस | २३२१ | २३२१ | |
| 2 | घरबाटो सिफारिस | २९६ | ४९६ | |
| 3 | नाताप्रमाणीत | ६३५ | ६३५ | |
| 4 | जन्म, मृत्यु तथा विवाह दर्ता | २१०५ | २१०५ | |
| 5 | अन्य | ६१३३ | ५३१७ | |

१९ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ मिक्लाजुङ गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कार्य गराएतापनि अन्तिम लेखापरीक्षण अविधसम्म उक्त प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन गरेको छैन । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्न सक्ने तथा आन्तरिक श्रोतको क्षमता विश्लेषण गरी मितव्ययी तवरले सहायता र सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई निम्नानुसारका ४ क्रियाकलाप/शिर्षकमा रु. १८ लाख ५३ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ३ करोड २५ लाख ६५ हजारको ५.८९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गरी वितरणको सार्वजनिकरण समेत गरिनु पर्दछ ।

| क्र.सं. | सहायताको शिर्षक वा विषय | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | बिपन्ननागरिक स्वास्थ्य बिमा कार्यक्रम (पालिकाले पहिचान गरेको गरिबहरु बिपन्न अपाङ्गदलित ) | २००००००. | ६८३९००. |
| २ | अभिभावकविहिन विद्यार्थी सहायता | ५५००००. | ५३७०००. |
| ३ | उद्धारराहत तथा पुनर्स्थापना खर्च | ५०००००. | ४३३०००. |
| ४ | दलितअपाङ्ग विपन्न सहयोग कार्यक्रम | २०००००. | १९९३९५. |
| | जम्मा | ३२५००००. | १८५३२९५. |

२१ **धरौटी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटीतर्फ गत वर्षको रु.१,८३,८६,२७५.०० अल्या गरेकोमा यस वर्षको रु.८०,११,३१३.०० प्राप्त गरी कूल आम्दानी रु.२,६३,९७,५८८.०० देखाएकोमा रु.८८,०१,८३५.०० फिर्ता/ सदरस्याहा गरी रु.१,७५,९५,७५३.०० मौज्दात बाँकी रहेको देखिन्छ । प्रयोजन समाप्त भएका तथा नाम नामेसी नखुलेका धरौटीलाई सदरस्याहा गरी धरौटीलाई थप व्यवस्थित गर्नुपर्दछ ।

२२ **व्यक्तिगत/संस्थागत पेश्की**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार पेश्की भुक्तानी गर्दा तोकिएको अवधीमा फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौट गरिएका पेश्की फछ्र्यौट गर्न तोकिए बमोजिम ताकेता, नियम ५३ बमोजिम तोकिएको समयमा पेश्की नगरेका कर्मचारी वा अन्य व्यक्तिको फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरे नगरेको, फछ्र्यौट गर्न बाँकी पेश्की रकम नियम ५३ बमोजिम अर्को वर्ष जिम्मेवारी सारे नसारेको फछ्र्यौट गर्न बाँकी पेश्कीको म्याद थप गर्दा नियम ५४ बमोजिमको प्रकृयाको पालना गर्नुपर्ने व्यवस्था छ । साथै, नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु ३५३०९०६५.७ बाँकी रहेको देखिन्छ । सो मध्ये संलग्न विवरण बमोजिम यस आवसम्मको म्याद नाघेको पेश्की रु. १५१९६१२ फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनी | म्याद ननाघेको | म्याद नाघेको | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ०४/०१/२०८० | तथ्याङ्क व्यवस्थापन र गाँउ प्रोफायल | लोक प्रसाद दाहाल, सहायक पाँचौ | ० | ६००००० | ६००००० |
| ३ | ०४/०१/२०८० | कवर्ड हल निर्माण (क्रमागत) | डि.जे. निर्माण तथा ढुवानी सेवा | १०४२५०० | ० | १०४२५०० |
| ४ | ०४/०१/२०८० | मगर खोला बक्स कल्भर्ट निर्माण (धोबेनी बजारबाट अस्पताल जाने सडकमा) क्रमागत | नेपाल मेगा - प्रविन - एम बि ए जे /भी | २७२३४६२ | ० | २७२३४६२ |
| ५ | ०४/०१/२०८० | सफेवा खोला मोटरेवल पुल निर्माण वडा नं. ४ | नारायनम् प्रेमा जे भी | १२००००० | ० | १२००००० |
| ६ | ०४/०१/२०८० | गाँउपालिकाको कार्यालय भवन निर्माण | मार्गदेवी । एस. ए. एस । पुर्वाञ्चल जे.भी. | ८००००० | ० | ८००००० |
| ७ | ०४/०१/२०८० | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तानी | चन्द्र तुलसा निर्माण सेवा | ६७५००० | ० | ६७५००० |
| ८ | ०४/०१/२०८० | भगवती स्कुल भवन निर्माण मिक्लाजुङ ७ मोरङ | जे.वि. एण्ड सन्स कन्स्ट्रक्सन | १८०३१९९ | ० | १८०३१९९ |
| ९ | ०४/०१/२०८० | मगरखोला मोटरेबल पुल निर्माण | नेपाल मेगा - प्रविन - एम बि ए जे /भी | ४५२१४२५ | ० | ४५२१४२५ |
| १० | ११/२४/२०८० | नाइटेपानी मावा खोला मलामी टहरासम्म जाने बाटो निर्माण | आर्ष लक्की जे . भि | १७२९००० | ० | १७२९००० |
| ११ | १२/०२/२०८० | नाइटेपानी मावा खोला मलामी टहरासम्म जाने बाटो निर्माण | आर्ष लक्की जे . भि | १७२९००० | ० | १७२९००० |
| १२ | ०२/०७/२०८१ | बाल अस्पताल निर्माण | प्रबिन निर्माण सेवा | ३४५१५५४ | ० | ३४५१५५४ |
| १३ | ०२/२३/२०८१ | काशिनाथको घरदेखि भिमलुइटेलको घरसम्म सडक कालोपत्रे P२ | प्रेमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १५००००० | ० | १५००००० |
| १४ | ०४/०१/२०८० | सवारी साधन मर्मत खर्च | घलेन्द्र थापा | ० | ११०००० | ११०००० |
| १५ | ०४/०१/२०८० | सवारी साधन मर्मत खर्च | महाप्रसाद खड्का | ० | १००००० | १००००० |
| १६ | ०४/०१/२०८० | जनता आवास कार्यक्रम | संगित राई | ० | १५७५०० | १५७५०० |
| १७ | १२/०४/२०८० | न्यायिक फिर्ता | नविन कार्की (उच्च अदालत धरौटी) | ० | ४६७०५० | ४७७११२ |
| १८ | ०१/०६/२०८१ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम( १० शैया अस्पताल वडा नं २) | लामा।युनिभर्सल जे.भी. | १२६१४३१३.७ | ० | १२६१४३१३.७ |
| जम्मा | | | | ३३७८९४५३.७ | १४३४५५० | ३५२३४०६५.७ |

| | |
|---|---|
| पेश्की | ४,६७,०५० |

२३ **खेलकुद प्रवर्द्धन कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले आ.ब.०८०/८१ को बजेटमा खेलकुद प्रवर्दन कार्यक्रम राखी सो बाट विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको देखिन्छ । पालिकालस्तरीय तथा वडा स्तरीय अधिकांश योजनाबाट खेलकुद कै कार्यक्रम भएको देखिदैन । पालिका स्तरीय योजनाबाट राष्ट्रपति रनिङ्ग शिल्ड, पालिका स्तरीय अध्यक्ष कप जस्ता प्रतियोगीता र वडा तहमा अधिकांश वडाले प्रतियोगिता सञ्चालन भन्दा पनि बल,नेट तथा जर्सी लगायतका सामाग्रीहरु खरिद गरी वितरण गरेको देखियो । वितरण युवा क्लव तथा बालक्लवहरुलाई नगरी व्यक्तिगत रुपमा बितरण गरेको देखिदा आगामी दिनमा यसरी व्यकिगत रुपमा गरिने वितरण कार्यलाई नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४ **चालु/प्रशासनिक खर्च नियन्त्रण :-**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :




पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **मसलन्द तथा कार्यालय सामाग्री –**

कार्यालय सञ्चालनको लागि पालिकालाई वर्ष भरमा आवश्यक पर्ने सामनाको वर्गिकरणको विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटकपटक सोझै बजारबाट खरिद गरी रु.५४ लाख ७१ हजार २ सय १५ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शूरुमा नै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपुर्तिकर्ता छनौट गरी खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२६ **इन्धन खर्चको मापदण्ड -**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग

गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी १ व्याकहो लोडर, १ ट्याक्टर, २ स्कार्पियो, १ पिकअप भ्यान, २३ मोटरसाइकल र २ स्कुटर लगाएत सवारी साधनमा कुल रु ८१ लाख ७७ हजार ७ सय १३ खर्च गरेको छ। पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२७ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ कुल आन्तरिक आय रु.३ करोड ५३ लाख १० हजार ८ सय ५१ को तुलनामा करिव १५.२९ प्रतिशत अर्थात रू.५४ लाख ६ सय ९४ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

२८ **अतिरिक्त समयको भत्ता :-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँ कार्यपालिकाले स्वीकृत संगठन संरचना भित्रका कर्मचारीहरुलाई अतिरिक्त कार्यालय समय कार्य बापत पोत्साहन रकम वापत प्रोत्साहन तथा पुरस्कार खर्च शीर्षकबाट बार्षिक रु.१६,०५,७७१.९७ खर्च गरेको छ । पालिकाले अतिरिक्त समयमा गरेको कार्यहरुको कार्यविवरण तथा अतिरिक्त समय कार्य गरेको प्रमाणित हाजीर समेत पेश नगरी संगठन भित्रका सबै कर्मचारीलाई भत्ता वितरण गरेको पाइयो । कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको खाजा भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ।

२९ **कर्मचारी संचयकोष :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम सघिय कानुनको अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले केही करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम कार्यालयको तर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने निर्णय विगत वर्षमा गरेकोमा सोको निरन्तरताका आधारमा यो वर्ष पालिकाले २७ जना कर्मचारीको लागि सञ्चयकोष बापत १० प्रतिशत बापत रु. ५८१,६१० थप खर्च गरेको छ । यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको थप १०% रकम असुल गरि सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु

| क्र.सं. | नाम | तलब | क.सं.कोष थप | १२ महिनाको जम्मा |
|---|---|---|---|---|
| १ | घलेन्द्र थापा | ३५४२० | ३५४२ | ४२५०४ |
| २ | टेक बहादुर श्रेष्ठ | २७४५७ | २७४६ | ३२९४८ |
| ३ | भोलानाथ खनाल | २७४५७ | २७४६ | ३२९४८ |
| ४ | माहा प्रसाद खड्का | २७४५७ | २७४६ | ३२९४८ |
| ५ | बिसम राई | २४७०२ | २४७० | २९६४२ |
| ६ | लगन लाल अघोरी | २४७०२ | २४७० | २९६४२ |
| ७ | गितादेवी अघोरी | २०७०० | २०७० | २४८४० |
| ८ | मदन बहादुर सुर्जे मगर | २०७०० | २०७० | २४८४० |
| ९ | उदय बहादुर  लिम्बु | २०१२५ | २०१३ | २४१५० |
| १० | अन्जना लिम्बु | १९५५० | १९५५ | २३४६० |
| ११ | डिकेन्द्र पौडेल | १९५५० | १९५५ | २३४६० |
| १२ | मनमाया सुब्वा | १९५५० | १९५५ | २३४६० |
| १३ | मिलन राई | १९५५० | १९५५ | २३४६० |
| १४ | आयुष भट्टराई | १७८२५ | १७८३ | २१३९० |
| १५ | चन्द्र बहादुर विश्वकर्मा | १७७७० | १७७७ | २१३२४ |
| १६ | टेक बहादुर निरौला | १७७७० | १७७७ | २१३२४ |
| १७ | डम्बर राई | १७७७० | १७७७ | २१३२४ |
| १८ | नबीना बस्नेत | १७७७० | १७७७ | २१३२४ |
| १९ | बिपना गौतम | १७७७० | १७७७ | २१३२४ |
| २० | शुक माया मिभक लिम्बु | १७७७० | १७७७ | २१३२४ |
| २१ | संगिता बुढाथोकी | १७७७० | १७७७ | २१३२४ |
| २२ | सबप्ना लिम्बु | १७७७० | १७७७ | २१३२४ |
| २३ | सुमिना बस्नेत | १७७७० | १७७७ | २१३२४ |
| जम्मा | | ४८४६७५ | ४८४६८ | ५,८१,६१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८१,६१० |

३० **खर्चको पुष्ट्याईं :-**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिका निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याईं संलग्न नगरी खर्च लेखेकोले प्रमाणकागजात पेश हुनुपर्ने रु .

| गोश्वारा भौचर न | भुक्तानीकर्ता | रकम रु | कैफियत |
|---|---|---|---|
| १६/२०८०-६-२१ | ख्याम नाथ दंगाल | १६७९० | यसमा वडा नं. ५ मा हरितालिका तिजको अवसरमा आयोजित कार्यक्रमको बिल भरपाईमा कोलगेट, साबुन र पानीको बिल १६७९० उल्लेख गरी भुक्तानी भएको देखिन्छ । तिज कार्यक्रयममा कोलगेट साबुनको प्रयोजनको औचित्य नदेखिदा खर्चरकमको प्रमाण कागज पेश गर्नुपर्ने |
| ३२-२०८०।६।११ | | ४२४०० | युवा तथा खेलकुद कार्यक्रमबाट १६ थान फुटबल जर्सी लगायतका सामाग्री खरिद भएकोमा वितरण भरपाई |
| ४३-२०८०।०६।२४ | जंग बहादुर राई | २०००० | वडा नं.१ ले आयोजना गरेको तिज कार्यक्रममा खसी खरिद गरेको देखिन्छ । तिज कार्यक्रममा खसी खरिद गर्नु उपयुक्त देखिएन । पुष्टी गर्ने प्रमाण कागज पेश गर्नुपर्ने |
| ४९-२०८०।०६।२५ | | ५०७६५ | इन्धन कार्यालय प्रयोजनबाट काठमाडौं गएको भनी इन्धन वापत १७८०५ र विविध खर्च ३२९६० खर्च गरेको देखिन्छ । को को गएको हो प्रयोजन खुलेको कागजात पेश हुनुपर्ने |
| १९७-२०८०।०९।१९ | मन्जु पाण्डे | १०२०० | वडा नं. ८ मा भएको विविध खर्चको बिल ६ नं. वडाको पसलको राखी भुक्तानी भएको देखिदा खर्च रकम पुष्टाइ गर्ने कागजात |
| २००-२०८०।०९।१९ | मन्जु पाण्डे | ९४७२० | वडा नं. २ मा भएको वडास्तरीय महिला खेलकुद कार्यक्रममा सहभागी भएको भनी रु.९४७२० खर्च भएको भनि बिल भरपाई संलग्न गरेको देखियो । सो खेलमा वडा नं. ८ ले खेलेको दिन र सहभागी खेलाडी संख्या खुलेको कागजात पेश हुनुपर्ने |
| २८६ | | ४४००० | नापी तथा भु उपयोग व्यवस्थापन महाशाखाको मिति २०८०।८।२२ को स्विकृत भ्रमण आदेश बमोजिम २४ गतेदेखी ३० गतेसम्म भु उपयोग प्राविधिक सहयोग बापत जनही रु.२२००० का दरले भ्रमण भत्ता भुक्तानी भएको देखिन्छ । निजहरुलाई कार्यालयले खटाएको पत्र र भ्रमण बिल दोहोरो नभएको प्रमाण कागज पेश गर्नुपर्ने |
| ७७१-२०८१।३।१७ | तिलक बहादुर श्रेष्ठ | ५०००० | वडा नं. ८ को स्वास्थ्य सम्बन्धी कार्यक्रममा बिरामीलाई विभिन्न स्वास्थ्य संस्थामा ७ जना बिरामीलाई ओसारपसार गरे वापत रु.५०००० भुक्तानी दिएको देखिदा बिरामीलाई अस्पतालमा भर्ना गरिएको प्रमाण पेश गर्नुपर्ने रु. |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,८७५ |

३१ **घर भाडा :-**

पालिकाले कार्यालय प्रयोजनको लागि पालिका भवन रहेको स्थान वरपर देव कुमार लिम्बुको ५ कोठा र देउलोचन राईको घर भाडा लिएको देखियो । साथै पालिकाले दमक नगरपालिका झापामा अन्जु उप्रेतीको घरको २ कोठा मासिक रु.६००० का दरले बार्षिक ७२००० र मुना लिम्बुको दमक नगरपालिका वडा नं. ५ मा रहेको घरको २ कोठाको मासिक ७००० का दरले बार्षिक ८४००० गरी कुल रु.१५६००० मा घरबहाल कर कट्टा गरी रु. १४०४०० भुक्तानी गरेको देखिन्छ । पालिकाले दमकमा घरभाडा लिनुपर्ने कारण उल्लेख गर्न सकेको छैन भने सम्झौतामा समेत प्रयोजन खुलाएको देखिएन अत: प्रयोजन बिहिन कामको घरभाडा भुक्तानी रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४०,४०० |

३२ **मोटरसाईकल मर्मत :-**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले मोटरसाईकल मर्मत वापत वडा सञ्चालन खर्चबाट विभिन्न फर्मलाई रकम भुक्तानी भएको छ । जनप्रतिनिधी तथा कर्मचारीको निजी प्रयोजनमा रहेको मोटरसाईकलसमेतको मर्मत गरी रकम भुक्तानी भएको देखिन्छ । गाउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ बमोजिम सवारी साधनको रकम

समेत मासिक रुपमा भुक्तानी भएको देखिन्छ । अत: कार्यविधि वेगर कसको नाममा रहेको सवारी हो नखुलाई व्यक्तिगत सवारीमा भएको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु..

| भौ.न./मिति | प्रयोगकर्ता/सवारी नम्बर | भुक्तानी रकम |
|---|---|---|
| १७-२०८०।६।२१ | वडा नं. ६ का वडाध्यक्ष खड्गी बहादुर मगरले प्र-१-०४-००१प-१५१५ | १८९५० |
| | वडा नं. ६ का वडा सदस्य गणेश राईले मे.६ प ४६२० | ४७०० |
| | वडा नं. ६ का वडा सचिव सरिता पोखरेलको मे.९.प.८५०३ | ९४५० |
| | वडा नं. ६ का प्राविधिकको को १० प ५४९३ | ५६५० |
| २६-२०८०।६।२१ | वडा नं. ८ का वडाध्यक्षको प्र.१-०१-०१४प - ७४७५ | ११६०० |
| | वडा नं. ८ वडा सचिव मन्जु पाण्डेकव को.८ प २१०२ | १०००० |
| ४४-२०८०।०६।२४ | वडा नं. १ मा प्रयोगकर्ता नखुलेको को२६ प ५९०० मोटरसाईकल मिति २०८०।६।1 गते रु.१३८०० र पुन मिति २०८०।६।१० गते रु.११६०० गरी १० दिन भित्र मर्मत गरेको देखिएको | २५४०० |
| | वडा नं. १ मा प्रयोगकर्ता नखुलेको को ३० प ९०१२ को १०७५० नम्बरको मोटरसाईकल मर्मत | १०७५० |
| | वडा नं. १ मा प्रयोगकर्ता नखुलेको को १८ प ३४४२ नम्बरको मोटरसाईकल मर्मत | २६९०० |

| | |
|---|---|
| अनियमित भएको | १,२३,४०० |

३३ **गत आ.ब.को भुक्तानी :-** (93-२०८०-७-२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरेको मर्मत सम्भार खर्च कार्यक्रम समाबेश गरी प्र.१-०४-००१झ-००८४ नं. को स्कारपियो मर्मत भनी २०८०।३।२५ गतेको बिल राखी २०८० कार्तिक महिनामा आएर रु.९५४२८ के.के.कार एसोसरिज एण्ड डेकोर तथा सप्लायर्सलाई र भौ.न.३४२ बाट कानुनी सल्लाहकार सिताराई राईलाई २०८० बैशाख देखी असार सम्म तलब भत्ता छुट भएको भनी रु.९०००० भुक्तानी भएको देखिन्छ । अत अगिल्लो आ.ब.को खर्च भुक्तानी बाँकीमा नराखी यस बर्ष भुक्तानी गरिएको रकम अनियमिति देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८५,४२८ |

३४ **चाडबाड खर्च :-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम सघिय कानुनको अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा चाडपर्व खर्च करार सेवामा नियुक्ती भएको ६ महिनापश्चात मात्र भुक्तानी पाउने व्यवस्था रहेको छ । पालिकाको २०८०।५।१० गतेको निर्णयनुसार करार सम्झौता बमोजिम नियुक्ति भएका मधुमल्ला अस्पतालमा कार्यरत तपसिलका कर्मचारीलाई चाडवाड खर्च भुक्तानी गरेको देखियो । ६ महिना सेवा अवधि नपुगी चाडवाड खर्च भुक्तानी गर्न करार

सम्झौता तथा प्रदेश निजामती सेवा ऐन र सामान्य प्रशासन मन्त्रालयले समय समयमा करार कर्मचारीको व्यवस्थापन सँग सम्बन्धित परिपत्र विपरीत भएको देखिदा सो रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | नाम थर | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सुजा पण्डित | मेडिकल अधिकृत | ४८७३७ |
| जम्मा | | | ४८७३७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,७३७ |

३५ **बिउपुजि रकम :-**

पालिकाले विभिन्न सरकारी तथा निजी प्रकृतीका संस्थाहरुलाई अनुदानको रकम विउपुजीमा रहने गरी खर्च गर्ने गरी सम्झौता गरेको देखिन्छ । बिउपुजी रहने रकमको सहि सदुपयोग तथा संस्थाको समस्या परेको समयमा के कसरी सञ्चालन गर्ने भन्ने सन्दर्भमा कुनै ठोस निर्णय गरेको देखिदैन । यसरी बिउपुजीको सहि सदुपयोग नभएको तथा यसको व्यवस्थापन गर्ने सन्दर्भमा समेत ध्यान दिएर मात्र रकम बिउपुजीको रुपमा कार्य गर्ने गरी व्यवस्थापन गर्ने गरी ध्यान दिनु पर्दछ । यसप्रकार विद्यालय र समुहलाई विउँपुजी उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| भौ.न./मिति | विवरण | रकम |
|---|---|---|
| ३१७/२०८१।१०।२९ | सृजना आधारभूत विद्यालय वडा नं. ४ | २००००० |
| | ढाका बुनाई महिला समुहवडा नं. ७ | ५०००० |
| कुल | | २५०००० |

३६ **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता :-** (४८५-२०८०-१२-५):

मिति २०८०।११।१८ देखी २० गतेसम्म यस पालिकाको मनोहरा जनता मा.बि.खेल मैदानमा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरी रु.४८८४७५ भुक्तानी भएको देखिन्छ ।जसमा यस पालिकाले विभिन्न १४ पालिकाबाट सहभागी भएका खेलाडी तथा प्रशिक्षक र शिक्षकसमेत लाई सो प्रतियोगिता अवधिभर खाना खुवाएको भनी रु.१८०२४० भुक्तानी भएको छ ।यसै सन्दर्भमा च.न.५३/८०-८१ मिति २०८०।११।१३ गतेको मोरङ्ग जिल्ला खेलकुद विकास समितिको पत्रमा तपसिल खण्डको ९ नम्बर बुदामा उल्लेख भए बमोजिम खेलाडी लगायतको यातायात खर्च, खाना तथा बसोबास सम्बन्धित स्थानीय तहले गर्ने भनी सबै स्थानीय तहमा पत्राचार भएको देखिदा खाना खर्च वापतको रकम दोहोरो नभएको भनी यकिन साथ भन्न सक्ने अवस्था देखिएन । अत: यस्ता कार्यक्रम सञ्चालन गर्दा आयोजक तथा समन्वयकर्ता पालिकाले गरेको खर्चको सम्बन्धमा सहभागी हुने पालिकामा पत्राचार गर्नुपर्नेमा सो गरेको देखिएन । यस्ता कार्यक्रम गर्दा दोहोरो नपर्ने गरी गर्न आवश्यक समन्वय गर्नेतर्फ पालिकाले दिनुपर्ने देखिन्छ ।

३७ **डोर कर्मचारीलाई करारमा भर्ना :-**

पालिकालाई कुनै पदामा कर्मचारी आवश्यक परेमा सो बारेमा न्यूनतम विवरण खुलाएर प्रतिस्पर्धात्मक तरिकाबाट कर्मचारी भर्ना गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यमा डोर हाजिरीमा खटाएका कर्मचारीलाई २०८० चैत्र महिनादेखी सोझै करार सेवामा भर्ना गरेको देखियो। करार सेवामा भर्ना गर्नु भन्दा पहिला कुन तहको कर्मचारी आवश्यक परेको, योग्यता कति चाहिने तथा स्वीकृत दरबन्दी रहेको यकिन गरी सूचना प्रकाशन मार्फत प्रतिस्पर्धात्मक तरिकाले नियुक्ती गर्नुपर्नेमा पालिकाका विभिन्न वडा तथा स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीलाई प्रतिस्पर्धा बेगर ७ जना कर्मचारीलाई सोझै सम्झौता गरी सहायक चौथो तथा कार्यालय सहयोगी पदमा भर्ना गरेको देखिन्छ ।अत: पालिकाले रिक्त पद तथा कार्यबोझ समेतलाई ध्यान दिदै प्रतिस्पर्धात्मक तरिकाबाट कर्मचारी नियुक्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८ **असम्बन्धित खर्च :-** (४३६-२०८०-१२-८):

पालिकाले विविध कार्यक्रम खर्च शिर्षकबाट लगन लाल अघोरीलाई रु.८३७०५ भुक्तानी भएको छ । मिति २०८०।५।११ मा १४ प्रकारका सामाग्रीहरु लिन स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा काठमाडौको गएर सामाग्री बुझेको देखिन्छ । सो सामाग्रीहरु प्र-१-०२-००२-च-५३३१ नम्बरको पिकअप गाडी रिजर्व गरी रु.२७००० भुक्तानी भएको देखिन्छ ।सामाग्री बुझ्न १ जना कर्मचारीमात्र गएको संलग्न कागजातमा देखिएकोमा होटल मोनार्च (Hotel monarch) को खाना खाजा वापत रु.५१७९५ तथा अन्य विल सहित रु.८७३१० भुक्तानी भएको छ । सो सम्बन्धमा पालिकाले खर्च रकमको पुष्टाई हुने कागजाता पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,७०५ |

३९ **सक्कल बिल बिजक बेगर भुक्तानी :-** (619-२०८१-२-९):

पालिकाले मिति २०८१।२।१ गतेको निवेदन बमोजिम को १ झ ५७६ नम्बरको सवारी साधनको मर्मत वापत भेरी कर्णाली अटो पार्टस सुर्खेतलाई रु.१६०४६ भुक्तानी भएको देखिन्छ । संलग्न प्रमाण कागजमा सो फर्मको सक्कल बिल पेश नगरी छाँयाप्रति राखी भुक्तानी भएको देखिदा सक्कल बिल पेश गर्नपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,०४६ |

४० **मर्मत अभिलेख व्यवस्थापन :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम पालिकामा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत कार्यको भुक्तानी गर्दा म.ले.प.फा.नं.४१५ बमोजिम मर्मत आदेश तयार गर्ने गरेतापनि मर्मत अभिलेख तयार नगरी सवारी सवारी साधान मर्मत खर्चबाट रु.३६५६००० खर्च लेखेको छ । साथै सवारी साधनको मर्मत कार्य गराँउदा सम्बन्धित फर्मबाहेक सवारी प्रयोगकर्ता कर्मचारीहरुलाई समेत भुक्तानी दिएको देखिन्छ प्रचलित नियमको पालना गरी मर्मत कार्य गराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।कार्यालयमा रहेको सवारीगत रुपमा भएको मर्मत खर्चको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

| गाडी नं. | प्रयोगकर्ता | खर्च रकम |
|---|---|---|
| बा-१-झ ५७६ | पालिका अध्यक्ष | ६२७११३ |
| प्र-१-०४-००१झ-००८४ | उपाध्यक्ष | २९१७९७ |
| बा-२-झ १०६१ | पालिकाको प्रयोजन | ७०७३२० |

४१ **पेश्की वाँकी :-**

पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। त्यसैगरी नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ ।पालिकाले आ.ब.०७८/०७९ को पेश्की समेत यस बर्षसम्म फछर्यौट नगरी पेश्की समायोजन गरी उल्लेख गरेको छ । जसमा कार्यालयका सहायक पाचौ लोकप्रसाद दाहालको मिति २०८०।९।१४ गते अनिवार्य अवकाश भईसक्दा समेत रु.६ लाख पेश्की फर्छौट गरेको देखिएन । साथै करार सेवाका हल्का सवारी चालक महाप्रसाद खड्काको १ लाख र घनेन्द्र थापाको रु.१ लाख समेत फर्छौट हुन सकेको देखिएन । विगतको लेखापरीक्षणमा औल्याएको बेरुजु समेत फर्छौट नगरी कर्मचारी अवकास तथा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीको समेत पेश्की फर्छौट भएको नदेखिदा समयमा नै पेश्की फर्छौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४२ **सवारी साधन भाडा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा भाडामा लिईने सवारी साधनको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालयको लागि यस बर्ष सवारी साधन भाडामा लिई निम्नानुसार व्यक्तिलाई भुक्तानी दिएको छ। यस सम्वन्धमा पालिकाले आवाश्यकता यकिन नगरेको तथा जिल्ला दर रेटको आधारमा सवारी साधन भाडादर भुक्तानी गरेको देखिएन । यसरी आफ्नै पालिकामा सवारी साधन हुदा हुदै औचित्य बेगर भुक्तानी भएको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

| गो.भौ.नं. र मिति | सवारी धनीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १५/२०८०-०६-२१ | दिपक बोहरा | १९००० | पशुपतिनगर इलाम जादा आउदा भनी भुक्तानी भएको देखिएपनि पशुपति नगर जानुपर्ने कुनै प्रमाण कागजात संलग्न नगरी भुक्तानी देखिएको |
| १५/२०८०-०६-२१ | दिपक बोहरा | ३५०० | जहदा जादा प्राविधिक टोलीले प्रयोग गरेको भनी भुक्तानी भएकोमा जहदा पालिकाको प्रयोजन नखुलाई भुक्तानी भएको |
| २३-२०८०-०६-२१ | उषा राई श्रेष्ठ | ३६५०० | एकमुष्ट भुक्तानी भएको तथा कसले प्रयोग गरेको हो प्रयोजन नखुलेको |
| | दिपक श्रेष्ठ | ३८३५० | मधुमल्ला फिक्कल तथा बिराटचोक र बिराटनगर गएको भनी विभिन्न मिति उल्लेख गरेकोमा कसले कुन प्रयोजनको लागि प्रयोग गरेको नखुलाई भुक्तानी गरेको |
| १५३-२०८०।८।१७ | दिपक श्रेष्ठ | १७००० | कार्यालयको कामको लागि मधुमल्लादेखी इलामसम्म गएको भनी भुक्तानी भएको |

| | |
|---|---|
| अनियमित भएको | १,१४,३५० |

## ४३ सूचना प्रकाशन

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले विभिन्न राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरेको खर्च विभिन्न एडभरटाईजिङ्ग कम्पनीलाई भुक्तानी गरेको देखिन्छ । जसमा सरकारी विज्ञापन छाप्दा दिईने छुट सम्बन्धी रेटकार्ड संलग्न नगरी कुल रकममा १५ प्रतिशत छुट उल्लेख गरी रकम भुक्तानी भएको देखिन्छ । अत: सरकारी सूचना प्रकाशनमा दिईने २५ प्रतिशत छुट नदिई १५ प्रतिशतमात्र छुट दिएको देखिदा अपुग रकम सम्बन्धित एडभरटाईजिङ्ग कम्पनीबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | मिडिया हाउस | बिल रकम | छुट | | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | | | दिएको | दिनुपर्ने | |
| १ | सहारा एड्भरटाईजिङ्ग प्रा.लि. | ५०५२०० | ७५७८० | १२६३०० | ५०५२० |
| २ | बन्धन एडभरटाईजिङ्ग प्रा.लि. | ५४६००० | ८१९०० | १३६५०० | ५४६०० |
| कुल जम्मा | | | | | १०५१२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,१२० |

## ४४ खर्चको प्रमाण पुष्ट्याई

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले हल्का सवारी चालकले काठमाडौ गएको भनी विभिन्न स्थानको होटल तथा सवारीमा इन्धन हालेको बिल संलग्न गरी निवेदन पेश गरेको आधारमा निम्न रकम भुक्तानी भएको देखिन्छ । कर्मचारी के प्रयोजनको लागि कस्लाई लिएर गएको हो स्विकृत कार्यक्रम तथा भ्रमण आदेश संलग्न नगरी निवेदनको आधारमा भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.स. | भौ.न./मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | ९७-२०८०।७।२ | मिति २०८०।४।७ देखी ४।१७ सम्म कार्यालयको कामले काठमाडौ गएको भनी विभिन्न स्थानका होटल बिल र इन्धन विल संलग्न गरी निवेदन पेश भएको | ७४६२० |
| २ | १०२-२०८०।७।२ | मिति २०८०।५।१७ देखी ५।२३ सम्म काठमाडौ गएको भनी फरक फरक स्थानको होटल र इन्धन बिल संलग्न गरी निवेदन पेश भएको | ७२१४९ |
| ३ | ३३५-२०८०।११।१० | होटल मोनाई प्रा.ली.काठमाडौंलाई कोठा तथा खाना बापत २०८०।४।३ र मिति २०८०।४।२७ गतेको बिल संलग्न राखी रकम भ ुक्तानी | १७६७३४ |

| | |
|---|---|
| अनियमित भएको | ३,२३,५०३ |

४५ **व्यक्तिगत खातामा भुक्तानी**

पालिकाले विभिन्न प्रहरी चौकीबाट अनुरोध भए बमोजिम सहयोग उपलब्ध गराएको देखिन्छ । यसरी सहयोग गर्दा सहयोग रकम सम्बन्धित कार्यालयको खातामा जम्मा नगरी कार्यालयको प्रमुखको व्यक्तिगत खातामा जम्मा गर्ने गरेको देखियो । यसरी कार्यालयको नाउमा जम्मा नगरी व्यक्तिको नाउमा जम्मा गर्ने पालिकाको प्रवृतीमा सुधार हनुपर्दछ । केही उदाहरण :

| नाम थर | पद | कार्यालय | प्रयोजन | रकम |
|---|---|---|---|---|
| देवेन्द्र दास | प्रहरी निरीक्षक | ई.प्रहरी का. उर्लाबारी | मौलो पुजा | १४७७१ |
| टिकाराम सुनुवार | प्र.ना.नि. | ई.प्रहरी का. मधुमल्ला | मौलो पुजा | १४७७० |
| संजिव बानिया क्षेत्री | बेशपति | सशस्त्र प्रहरी बल उर्लाबारी | मौलो पुजा | १४६७६ |

४६ **क्रक्रिट पिलर :-** (६६३-२०८१-२-२८):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । भूमि आयोगबाट नाप जाँच भएको जग्गाको सिमाना छुट्याउने प्रयोजनको लागि २०० थान क्रक्रिट पिलर खरिद गरी हाम्रो ब्लक उद्योगलाई रु.४९९४९९ भुक्तानी भएको छ । भूमि आयोग विघटन भएको कारण जग्गाको नापजाँचको कार्य नभएकोले सो पिलरको प्रयोग नभई हाल पालिका तथा वडा कार्यालयमा रहेको पालिकाले जनाएको छ । अत: सो पिलरको प्रयोग भएको प्राविधिक नापचाँज तथा प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,४९९ |

४७ **कृषि अनुदान कार्यक्रम :-**

पालिकाले चालु तथा संघीय र प्रदेश सरकारबाट हस्तान्तरित चालु कार्यक्रमको नमूना छनौट गरी परीक्षण गर्दा देहायबमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

| क्र स | कार्यक्रम/कृयाकलाप | खर्चभएको रकम | परिमाण | सेवाग्राहि | सेवाक्षेत्र | कृषक साझेदारी |
|---|---|---|---|---|---|---|
| १. | कृषि प्रविधि सम्बन्धि तालिम (९ वटा वडास्तरीय तालिम र १ वटागाँउपालिका स्तरीय तालिम) | ३७५००० | ९ | वडाबाट छानिएका कृषकहरु | सबैवडा | |
| २. | वडास्तरमा र गाउँपालिकास्तरमा कृषक समुह परिचालन तथा कृषि समितिगठन | २००००० | ९ | समुहका प्रतिनिधि बाट | सबै वडा | |
| ३. | ६० % अनुदानमा आलु बिउ वितरण | ५००००० | ११टन उन्नत जात र पि.वि.एस. ३५०० गोटा | कृषकसमुह तथा कृषि फर्म | सबै वडा | ४०.००% |
| ४. | ६०% बिउ वितरण कार्यक्रम (तोरी तथा सूर्यमुखी आदि) | ५००००० | ३२९०के.जि. | कृषकसमुह | सबै वडा | ४०.००% |
| ६. | ६0% अनुदानमा तरकारी खेती गर्ने कृषकहरुलाई प्लाष्टिक टनेलको लागिप्लाष्टिक वितरण | ५००००० | १४३ | कृषक समुह | सबै वडा | ४०.००% |
| ७. | ६0% अनुदानमा व्यबसायीक किसानको लागि मल्चिङ प्लाष्टिक वितरण | ३३९९६० | १३० | फर्म | सबै वडा | ४०.००% |
| ८. | २ वटा तरकारी पकेट कार्यक्रम (कृषि समुह/कृषि सहकारी/कृषि समितिको ४०% साझेदारीमा) | ४००००० | २ | कृषक समुह | सबै वडा | ४०.००% |
| ९. | अकबरे खोर्सानी प्रबर्दन (२ रोपनि भन्दा धेरै लगाउने कृषकहरुलाईनगद प्रोत्साहन प्रति रोपनि३०००का दरले) | १९९८६० | २५ | कृषक | वडा १ | |
| १०. | ६० % अनुदानमाफलफुल बगैंचा व्यबस्थापनको लागि औजार वितरण (सिकेचर, प्रुनिङ स आदि वितरण) | २२७७९० | Pruning saw 7<br>Secateur 28<br>Earth auger 4<br>Hajari 65<br>Metal sprinkle 5<br>Digital weight machine 3<br>Power sprayer 1<br>2 in 1 sprayer 33 | कृषक समुह | सबै वडा | ४०.००% |
| ११. | ७०% अनुदानमा फलफुल विरुवा वितरण | २००००० | ६०३०<br>९९० | कृषक समुह | सबै वडा | ३०.००% |
| १२. | १वटा केरापकेट कार्यक्रम (कृषि समुह/कृषि सहकारी/कृषि समितिको ४०%साझेदारीमा) | २००००० | १ | कृषक समुह | वडा ५ | ४०.००% |
| १३. | पुष्पखेती प्रोत्साहन कार्यक्रम | २००००० | २८५७१ | कृषक समुह | सबै वडा | शत प्रतिशत |
| १४. | ७०% अनुदानमा कफि विरुवा वितरण तथा छहारी व्यबस्थापन कोलागि मेकाडेमिया नटको विरुवा वितरण | ३००००० | | वडामार्फत कृषक समुहलाई | वडा१ | ३०.००% |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | आकस्मिक बालि संरक्षण (समस्या पहिचानको आधारमा शतप्रतिशत अनुदानमाजैविक तथा अजैविक विषादि वितरण कार्यक्रम) | ३७०००० | विभिन्न किटनाशक औषधी | कृषक समुह | | शत प्रतिशत |
| १६. | ६० % अनुदानमा मौरी पालनगर्ने कृषकहरुलाई मौरीघार तथा अन्य आवश्यक उपकरणमा अनुदान कार्यक्रम | ५००००० | | कृषक समुह | सबै वडा | ४०.००% |
| १७. | अनुदानमा कृषि चुन वितरण (माटो जाँच गर्ने कृषकहरुलाई ७५% अनुदानमा) | ५००००० | २९२०० | कृषक | सबै वडा | शत प्रतिशत |
| १८. | ६०% अनुदानमा मकै छोडाउने मेशिन | ५००००० | ४२ | कृषक समुह | सबै वडा | ४०.००% |
| १९. | संस्था साझेदारीमा अदुवा/ बेसार /जडिबुटि कार्यक्रम प्रवर्द्धन | ५००००० | २ | कृषि सहकारी र कृषि फर्म | वडा १ र ४ | ४०.००% |

- अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।
- अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारलेकृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।
- अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकीन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

४८ **अन्य निकाय खर्च-:-**

सार्वजनिक निकायले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा सञ्चालन रहेका संस्थालाई खर्च रकम पुष्टि गर्ने कागजात संग्लन नगरी तथा कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेखेको अनियमित रु.

| गौ.भौ.न. | सहयोग प्राप्त गर्ने निकाय | अवस्थिती | भुक्तानी रु. |
|---|---|---|---|
| ३५१-२०८०।११।१५ | जिवन बचाउ उपचार सेवा केन्द्र | उर्लाबारी गाउँपालिका | १५०००० |
| ४११-२०८०।१२।१ | नमुना बाल गृह | उर्लाबारी गाउँपालिका | २००००० |
| ८८८-२०८१।३।२२ | बैजननाथ अधिकारी सास्कृतिक विद्यापिठ | लेटाङ्ग गाँउपालिका | ९८५०० |
| | | अनियमित भएको | ४,४८,५०० |

४९ **उपभोक्ता समिति मार्फत कार्य :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । पालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश

गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• पालिकाले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

• कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार पालिकाले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

• पालिकाले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी आंशिक योजनामा मात्र गरेको छ । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५० **डोर हाजिरी :-**

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

५१ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २१२ योजनामा वजेट विनियोजन गरेको छ।

रु.हजारमा

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | योजना | २१२ | २० | ३८ | १५४ |
| २ | रकम | ९५१४९ | ४०८६० | २०६४९ | ३३६४० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### ५२ **मनोहर जनता खेल मैदान घेराबार**

५२.१ (12-२०८१-३-२४):

पालिकाले मनोहर जनता माविको खेल मैदान घेरावारका लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमअन्तर्गत मनोहर जनता माध्यामिक विद्यालय मधुमल्ला मोरङ्गसँग रु ५७८४३९।१९ बराबरको लागत अनुमानको निर्माण कार्यका लागि रु ५५००२५।३८ बराबरको कार्यमुल्यांकन पश्चात रु ५ लाख भुक्तानी दिएको छ । सम्झौताबमोजिम लागत अनुमानको अनुपातमा अन्तिम भुक्तानी बढीमा रु ४७५४३९।२४ हुन सक्नेमा रु ५ लाख नै भुक्तानी दिएकोले रु २४५६० कम लागत सहभागिता भएको छ । अत: कम लागत सहभागिता भएको रकम विद्यालयबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,५६० |

५२.२ साथै, अन्तिम मुल्यांकनको समयमा लागत अनुमान संशोधन समेत भएको यस निर्माण कार्यको लागत अनुमान तयार गर्दा Local wood formwork for wall and drain को २५०.१७ वर्ग मिटरको दर निर्धारिण गर्दा ४ पटक सम्म पर्योग गर्न सकिने गरी तय गर्नुपर्नेमा १ पटक मात्र प्रयोग गर्ने गरी रु २९४.६९ को दरले गणना भएको छ । यसबाट दर विश्लेषणमा ४ पटकसम्मको प्रयोगको नर्म्स अनुसारको दर रु १४६.५६ हुनुपर्नेमा रु १४८.१३ प्रयोग गरेको तथा विद्यालयले फर्माका लागि आवश्यक काठ खरिद गरेको बिलभरपाई समेत श्रेस्तासाथ पेश गरेको नदेखिएकोले बढी दर समावेश गरी रु ७३७२२।६० मुल्यांकन भएकोले बढी भुक्तान भएको रु ३७०५७।६८ असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,०५८ |

### ५३ **अपूर्ण गोदाम घर निर्माण** (२-२०८१-१-२८):

पालिकाले साना किसान सहकारी संस्था लीको अपूर्ण गोदाम घर निर्माणार्थ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमअन्तर्गत उपभोक्ता समितिसँग रु १७८३६३१७३ बराबरको लागत अनुमानको निर्माण कार्यका लागि लागत अनुमान तयार गर्दा फर्मवर्कको ४०३.४ वर्ग मीटरको दर निर्धारण गर्दा ४ पटक सम्म पर्योग गर्न सकिने गरी तय गर्नुपर्नेमा १ पटक मात्र प्रयोग गर्ने गरी रु २९४.६९ को दरले गणना भएको छ । यसबाट दर विश्लेषणमा ४ पटकसम्मको प्रयोगको नर्म्स अनुसारको दर रु १४६.५६ हुनुपर्नेमा रु १४८.१३ बढी दर प्रयोग गरेको गरेको देखिएकोले बढी भुक्तान भएको रु ५९७५५।६४ असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,७५५.६४ |

५४ **लागत अनुमान तथा दर बिष्लेषण**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागत अनुमान तयार गर्दा डोलिडारको नर्म्स प्रयोग गरी भुक्तानीमा लागत अनुमान संसोधन गरी जिल्ला दररेट बमोजिम निर्माण गरेको छ।पालिकाले सडकका लागि सडक विभागको र भवनको लागि भवन विभागबाट जारी भएको नर्म्सको प्रयोग गर्नुपर्दछ । सडक भवन लगायतको संरचना निर्माणको लागि पालिकाले स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

५५ **स्थलगत निरीक्षण**

पालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा केवल संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । भौतिक पुर्बाधार तर्फका योजनाहरुको मात्र केही सङ्ख्यामा अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

५६ **नापी किताब प्रबिष्टी एवं अभिलेख**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

५७ **गत बिगतको भुक्तानी :-** (२-२०८०-६-१८):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नुनसरी खोला १९ नं. बाध तटबन्धन उपभोक्ता समितिसँग मिति २०८०।३।६ मा सम्झौता गरी २०८०।३।१४ भित्र कार्यसम्पन्न गर्ने गरी रु.५९२७२५ मा सम्झौता भएको छ । बर्षात सकिएको र कार्यगर्न आवश्यक नभएको भनी २०८०।०६।०७ मा लागत अनुमान संसोधन गरी ३५४३७५ कायम गरिएको छ । नापी किताब २०८०।०६।९ गतेको रहेको देखिन्छ । यसरी अगिल्लो आ.ब.मा विपद व्यवस्थापन कोषबाट तत्कालै कार्य गर्नुपर्ने भनी शुरु भएको काम बर्षात सम्पन्न पश्चात आवश्यक नपर्ने जनाई लागत अनुमान संसोधन गरी भुक्तानी भएको छ । भुक्तानी गर्न बाँकी रकमको दायित्व सारेरमात्र भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५८ **कन्टेन्जेन्सी खर्च :-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको ४ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन।

५९ **सफेवा खेलमैदान निर्माण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मिक्लाजुङ्ग गाँउपालिका ४ स्थित सफेवा खेलमैदान निर्माण उपभोक्ता समितिसँग उपभोक्ताको योगदान सहित रु२९४१६९३७४ को लागत अनुमान तयार गरी सम्झौता भएको छ ।२०८१।३।१९ मा प्रथम रनिङ्ग बिल भुक्तानीका लागि पेश भएको बिल १ बमोजिम रु१६१६८७७ भुक्तानी भएको छ ।जसमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

५९.१ (२८५-२०८१-३-१९):

खेल मैदान निर्माणको लागि नरम माटो खन्ने काम २६१० घनमिटर र नरम चट्टान खन्ने काम २६१० घनमिटर भुक्तानी गरी क्वान्टिटी सिट राखी थप खनेको देखिन्छ । सो पश्चात ५०० mm खनेर सो लाई कम्पेक्सन गरेकोमा पुन सोही ठाँउमा २०० mm नरम माटो राख्ने भनी रकम भुक्तानी भएको देखिन्छ । निर्माणाधिन खेल मैदान सम्याउने कार्य गर्दा भएको माटोको नै प्रयोग गर्नुपर्नेमा अन्यत्रबाट माटो ल्याएर कम्याक्सन गरेको भनी ६ वटा सादा भरपाईबाट रु.६१५८४५ भुक्तानी भएको छ । यसरी खेल मैदान निर्माणमा पहिले खन्ने र पुन अन्यत्रबाट माटो ल्याएर पुरेको देखियो । नापि किताव बमोजिम ग्राउण्ड विस्तारको लागि कटिङ गरेको माटो कहाँ प्रयो गरियो खुल्ने प्रमाण कागज पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०१,३८१ |

५९.२ कुल रु.१६९१८७७ को कार्य भएको नापी किताबबाट देखिएकोमा कन्टिन्जेन्सी बापत रु.७५००० कट्टा गरी १६१६८७७ को ८५ प्रतिशतले हुने १३७४३४५ मात्र कार्यालयले भुक्तानी गर्नुपर्ने देखिन्छ । उपभोक्ता समितिले लागत अनुमान बमोजिम १५ प्रतिशतले हुने रु.४२२००० मिति २०८०।११।२७ मा कार्यालयको राजश्व खातामा दाखिला गरेकोमा भुक्तानी रकमको मात्र साझेदारी वापत रु.२४२५३२ मात्र हुने भनी बढी भुक्तानी गरेको रु.१७९४६८ र पालिकाले व्यहोर्ने रकम रु.१३७४३४५ गरी १५५३८१३ भुक्तानी दिनुपर्नेमा रु.१६१६८७७ नै भुक्तानी दिएको देखिदा बढी भुक्तानी भएको रु.६३०६४ रकम उपभोता समितिले पालिकामा योजना सुरुवातमै दाखिला गरिसकेकोले सो रकम राजश्व खातामा आम्दानी बाँधी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,०६४ |

६० **कर्मचारी करार :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले पालिकातर्फ ५० जना,आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरी ९ जना, स्वास्थ्य तर्फ विभिन्न पदमा ३१ जना गरी ८९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक सहायक कम्प्युटर

अपरेटर, कम्प्युटर इन्जिनियर करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च गरेको देखिएको छ । पदपूर्तीको लागि लोकसेवा आयोगमा माग गरि स्थायी पदपूर्ती गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६१ **स्वकीय सचिव, अभिलेख प्रशासक तथा सल्लाहकार नियुक्ती :-**

गाउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ को ३ मा पालिकाको आन्तरिक आय, राजश्व एवं कार्यालयको कार्यबोझलाई समेतलाई बिचार गरी एक जना स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छ । पालिकाले मिति २०८०।३।३१ गते पूर्णलाल राईलाई अध्यक्ष ज्यूको सचिवालयमा स्वकिय सचिवमा चौथो तहको तलव बराबर रु.३२९०२ मासिक भुक्तानी गर्ने गरी नियुक्ती गरेको देखियो साथै कानुनी सल्लाहकारमा सिताराम राईलाई मिति देखी मासिक रु.२०,००० भुक्तानी गर्नेगरी र उजुरी प्रशासक तथा अभिलेख प्रशासकको रुपमा चन्द्र प्रकाश श्रेष्ठलाई मासिक ३२९०२ का दरले भुक्तानी गर्नेगरी करार सम्झौता गरेको देखियो । कानूनी सल्लाहकार, उजुरी एवं अभिलेख प्रशासकको कार्यक्षत्रगत सर्त वा कार्यविवरण वमोजिम कार्य प्रगति पेश गर्न लगाउनु पर्दछ । पालिकाको आन्तरिक आय, राजश्व एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यान दिदै आन्तरिक श्रोतको बढोत्तरी गरेरमात्र यस्ता पदमा सम्झौता गरी खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६२ **बढी भुक्तानी :-** (27-२०८०-६-२१):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले तिज कार्यक्रम संचालनका लागि वडा नं. ८ का वडा सचिव मन्जु पाण्डेले पेश गर्नुभएको बिल भरपाईको जोडजम्मामा सहभागीको संख्या ३४१ जना रहेकोमा निजले ३८३ जना उपस्थित भएको भनी ४२ जनाको खाजा वापतको रकम बढी भुक्तानी गरेको देखिदा ९० को दरले हुने ३७८० असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७८० |

६३ **हेमाटोलोजी मेशिनः** (३७-२०८१-१-७):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सामान खरिद गर्नुपूर्व मालसामानको स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले गणेश सर्जिकल सप्लार्यस एण्ड फिटनेस शपवाट रु.९५८२४०.०० मा खरिद गरेकोमा मेडिकल उपकरणको लागत अनुमान तयार नगरेको तथा स्पेशिफिकेशन तयार नगरी सामान खरिद गरेको छ। यसबाट खरिद गरिएका सामान गुणस्तरयुक्त भए नभएको तथा मितव्ययी भए नभएको एकिन गर्न सकिएन । यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ साथै स्पेशिफिकेशन तयार नगरी सामान खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,५८,२४० |

६४ **वितरण भरपाईः**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले रिद्धि सिद्धि मेडिटेक इन्टरनेशनलबाट गर्भवती महिलाका लागि क्याल्सियम आईरन र फोलिक एसिड रु.७९९९९७.०० मा २०८१।३।१४मा खरिद गरेको छ । माग र आवश्यकता अनुसार खरिद तथा हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरि बाँकी स्टोरमा राखेको देखिन्छ । समयमै खरिद गरी वितरण कार्यलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

६५ **वितरण कार्य**

आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले रिद्धि सिद्धि मेडिटेक इन्टरनेशनलबाट गर्भवती महिलाका लागि क्याल्सियम आईरन र फोलिक एसिड रु.७९९९९७.०० मा २०८१।३।१४मा खरिद गरेको छ । माग र आवश्यकता अनुसार खरिद तथा हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरि बाँकी स्टोरमा राखेको देखिन्छ । समयमै खरिद गरी वितरण कार्यलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

६६ **बहाल विटौरी/ सम्पत्ति कर :**

पालिकाको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० को सि.नं. ६९ सम्पत्ति कर कच्ची घर र सि.नं. १३३ मा बहाल विटौरी कर सम्बन्धि व्यवस्था गरेको छ । सम्पत्ति करतर्फ न्यूनतम रु.१०० देखि अधिकतम रु.५००० सम्म तथा बहाल विटौरी करतर्फ न्यूनतम रु.१०० देखि अधिकतम रु.१००० पक्की घर (प्रति तला) करको शुल्क निर्धारण गरेको छ । साथै, पालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको बुँदा १७.८ मा राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धमा तोकिएको कर तथा गैर कर संकलनको लागि समुदाय तथा जनप्रतिनिधिलाई जिम्मेवार बनाउने नीति अख्तियार गरेको समेत देखिएबाट वि.स. २०७८ सालको जनगणना अनुसार पालिकामा ८३०९ परिवार संख्या रहेकोमा पालिकाले गत आ.व. २०७८।०७९ देखि हालम्म राजश्व उठाउनेतर्फ ध्यान दिएको नदेखिएकोले ऐन बमोजिमको राजश्व शंकलन गरी आम्दानी बढाउनेतर्फ ध्यान दिनु पर्दछ ।

| category | Households Number | Rate | Amount | Total Amount FY २०७८।७९ to २०८०।८१ |
|---|---|---|---|---|
| Galvanized sheet | ७३४५ | ५०० | ३६७२५०० | ११०१७५०० |
| Reinforced Cement Concrete (RCC) | | | | |
| One floor | ६२९ | १००० | ६२९००० | १८८७००० |
| Two floor | २१३ | २००० | ४२६००० | १२७८००० |
| Three floor | १२ | ३००० | ३६००० | १०८००० |
| Four floor | २ | ४००० | ८००० | २४००० |
| Thatch / straw | ५० | २०० | १०००० | ३०००० |
| Tile | १७ | ० | ० | ० |
| Stone/slate | १७ | ० | ० | ० |
| Wood / planks | १७ | ० | ० | ० |
| Other | ७ | ० | ० | ० |
| Total | ८३०९ | | ४७८१५०० | १४३४४५०० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेकोमा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको अवस्था देखिएकोले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६७ **बन पैदावार विक्रि आय**

वन नियमावली २०७९ को नियम २५ (१) अनुसार डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी २२ वटा सामुदायिक वन मध्येबाट १० वटा सामुदायिक वनले १० प्रतिशतले हुने रु.११,९०,३८२.५३ प्राप्त गरेको देखिन्छ साथै वन पैदावार विक्री आयको रकम कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो र कति बाँकी छ एकिन गरी भन्न सकिएन । पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको आधारमा पालिकाको आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले दिएको जानकारी अनुसार आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन अनुसार बुभाउनु पर्नेमा २०८० चैत्र मसान्त सम्ममा बुझाउने प्रतिबद्धता गरिएकोमा हालसम्म नबुझाएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु.

| क्रस | वन उपभोक्ता समितिको नाम | ठेगाना | जम्मा भएको राजस्व रकम | | कैफियत |
|---|---|---|---|---|---|
| | | | २०७८।७९ | २०७९।८० | |
| १ | मावा नुनसरी सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ७,८,९ | १२१०६१.६ | ९२६९३ | |
| २ | चुलाचुली सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ २,३,६ | ४३४१० | १३९८९४ | |
| ३ | नमुना नुनसरी सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ६ | कार्यालयको सम्पर्कमा नआएको । | | |
| ४ | आँपझोला मिक्लु सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ६ | आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन अनुसार जम्मा रु २९९७६७.१८ बुभाउनु पर्नेमा रु २००००० बुझाइ बाँकी ९९७६७.१८ रकम २०८१ असार मसान्त सम्ममा बुझाउने प्रतिबद्धता गरिएकोमा अहिले सम्म नबझाएको । | | |
| ५ | मिक्लुङ सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ६,९ | २१७६६१.२० | २८८१६.९० | |
| ६ | नमुना सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ६ | १३२३१९.९ | १८११०९ | |
| ७ | मयुर सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ६,४ | आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन अनुसार जम्मा रु १०२७९२.८६ बुभाउनु पर्नेमा २०८० चैत्र मसान्त सम्ममा बुझाउने प्रतिबद्धता गरिएकोमा अहिले सम्म नबझाएको । | | |
| ८ | कोइली सामुदायिक वन उपभोक्ता समूह | मिक्लाजुङ ३,४ | ९१९७३ | १२०४७७ | |
| ९ | राँकेडाडा सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ४ | कार्यालयको सम्पर्कमा नआएको । | | |
| १० | हरीयाली सामुदायिक वन उपभोक्ता समिति | उर्लाबारी १ | कार्यालयको सम्पर्कमा नआएको । | | |
| ११ | जनज्योती सामुदायिक वन उपभोक्ता समिति | उर्लाबारी १ | कार्यालयको सम्पर्कमा नआएको । | | |
| १२ | मनोहर सामुदायिक वन उपभोक्ता समिति | उर्लाबारी १ | कार्यालयको सम्पर्कमा नआएको । | | |
| १३ | धानखेती सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ५ | ३६८०८९.२५ | २३८२१७ | |
| १४ | सिंहदेवी गौतमी सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ५ | २००००० | ४३०२५.१५ | |
| १५ | बराले थुम्की सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ५ | आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन मा बनपैदावर बिक्री बापतको आम्दानी नभएको । | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | हिमाली सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ५ | ३०००९ | आ व २०७९/०८० मा लेखापरीक्षण प्रतिवेदनमा वन पैदावर बिक्री बापतको आम्दानी नभएको । | |
| १७ | त्रिवेणी सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ४ | ११७०४०.९ | आ व २०७९/०८० मा लेखापरीक्षण प्रतिवेदनमा वन पैदावर बिक्री बापतको आम्दानी नभएको । | |
| १८ | पञ्चमी दिवु सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ४ | आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन मा बनपैदावर बिक्री बापतको आम्दानी नभएको । | | |
| १९ | बरडाँडा सामुदायिक वन उपभोक्ता समूह | मिक्लाजुङ ५ | २९४०४८.०९ | १५१४२२.४८ | |
| २० | स्वर्गद्धारी सामुदायिक वन उपभोक्ता समिति | लेटाङ ९ | | ७७४५३ | आ व २०७९/०८० देखि लेटाङ न.पा. संग साझेदारमा रहेको सा.व.उ.स. को वन पैदावर बिक्री बापत आम्दानी को कर रकम को ५० प्रतिशत लेटाङ र ५० प्रतिशत मिक्लाजुङ मा असुल गर्ने सहमती बमोजिम गरिएको । |
| २१ | नमुना हरियाली सामुदायिक वन उपभोक्ता समिति | मिक्लाजुङ ५ | १०८३००.६ | ११७२७५ | |
| २२ | सगरमाथा हरियाली सामुदायिक वन उपभेत्ता समूह | लेटाङ ८ | आ व २०७८/०७९ र २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन मा बनपैदावर बिक्री बापतको आम्दानी नभएको । | | |
| | **जम्मा आय** | | **१७२३९१३.५४** | **११९०३८२.५३** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०२,५५९ |

६८ **ढुङ्गा, गिट्टि, वालुवा :**

नदिजन्य पदार्थ उत्खनन गर्दा अधिकार प्राप्त निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई सोही प्रतिवेदन वमोजिम उत्खनन गर्न सकिने व्यवस्था छ । पालिकाले यसवर्ष तयार गरेको वातावरणीय अध्ययन प्रतिवेदन अनुसारतीनवटा खोलाको विभिन्न क्षेत्रबाट ११६७१४.९६ घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सकिने देखिएकोमा १०४५४२.११घन मिटरको मात्र ठेक्कामार्फत उत्खनन गरी बाँकी १२१७२.८१ घन मिटर स्थानीय उपभोक्ता समुहमार्फत उत्खनन गरेको देखिन्छ । जसले रु.३९०८०५।६३ घटि मु.अ.कर. दाखिला भएको देखिएकोले लेखापरीक्षण क्रममा कार्यालयले सो रकम दाखिला गरेको छ । वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम नदिजन्य पदार्थ उत्खनन गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| सि.नं. | नाका | परिणाम |
|---|---|---|
| १ | शान्तिटोल नाका (मलामेटहरा) | ५००० |
| २ | सानो बक्राहा खोला | ५१७३ |
| ३ | सोल्टी खोला नाका | २००० |
| परिमाण घ.मी. | | १२१७३ |
| परिमाण घ.फी. | | ४२९४५७ |
| जम्मा रकम | | ३००६१९७ |
| मु.अ.कर. | | ३९०८०६ |
| मु.अ.कर समेत जम्मा | | ३३९७००३ |

६८.१ पालिकाले यसवर्ष देहायको स्थानमा ठेक्कामार्फत नदिजन्य पदार्थ उत्खनन गरी देहाय बमोजिमको राजश्व संकलन गरेको देखिएको छ ।

| ठेक्का नं. | खोला | उत्खनन क्षेत्र | IEE परिमाण घ.मी. | उत्खनन परिमाण घ.मी. | राजश्व शंकलन | कैफियत |
|---|---|---|---|---|---|---|
| MRM/MOR/NCB/REV/02/2080.81 | मावा खोला | अविरल चोक उत्तर र गोलाकार दक्षिण | ९००० | ९१२१.७ | | |
| | | गोलाटार नाका | ६००० | २२६८.७ | २३९५६००० | |
| | | मावा पुल दक्षिण पानीघट्टा क्षेत्र | ९७५० | ४८३५.३ | ८६४५२२ | बढी उत्खननको जरिवाना |
| | | मावा पुल उत्तर दुम्से खण्ड १ | २२५०० | २४५४३.६ | | |
| | | मावा पुल उत्तर दुम्से खण्ड २ | २१००० | २१२९७.९ | | |
| | | | **६८२५०** | **६२०६७** | **२४८२०५२२** | |
| MRM/MOR/NCB/REV/03/2080.81 | ठुलो बक्राहा खोला | खामे झोडा नाका | ८१८३१.८२ | ७४७८७.५ | ६०४९३५१० | |
| | | शान्तिटोल नाका (मलामे टहरा) | ७७६७२ | ७३२३१.२ | | |
| | | रचना नाका | ४००९६.६६ | ३९४५७.६१ | | |
| | साखरे खोला | साखरे खोला नाका | ३६३६९.६९ | ३५५२८.६५ | | |
| | | | **२३५९६९.९** | **२२३००५.** | **६०४९३५१०** | |
| MRM/MOR/NCB/REV/01/2080.81 | मिक्लु खोला | मिक्लुखोला नाका | ८४४९.१६ | ८४४९.१६ | ३३६९९९९९.९४ | |
| | मकर खोला | मकरखोला नाका | १११९८.८८ | १११९८.८८ | | |
| | आँप खोला | आँपेखोला नाका | ७४८७.२५ | ७४८७.२५ | | |
| | मुगुखोला | मुगुखोला नाका | १४९८७.८३ | १४९८७.८३ | | |
| | सफेवाखोला | सफेवाखोला नाका | ६०५९३.४४ | ३१५० | | |
| | सोल्टी खोला | सोल्टीखोला नाका | १३९९८.४ | १२४९८.७ | | |
| | | | **११६७१४.९६** | **५७७७१.९४** | **३३६९९९९९.९४** | |
| **कुल जम्मा** | | | | | **११९०१४०३१.९४** | |

६८.२ **कर छुट :**

पालिकाले यो बर्ष देहाय वमोजिमका आय ठेक्का लगाएको अग्रिम रुपमा दाखिला गर्दा १० प्रतिशत छुट दिने व्यवस्था सुचनामा उल्लेख गरी देहाय वमोजिम छुट दिएको देखिन्छ । पालिकाको आय व्यवस्थालाई मजबुत बनाउन यसप्रकारका छुटमा कमि ल्याई अधिकतम राजस्व संकलन गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| विवरण | व्यवसायीको नाम | कवोल रकम | छुट रकम | दाखिला रकम |
|---|---|---|---|---|
| हाटवजार शुल्क संकलन | इभान्सी निर्माण सेवा | ६०११११४८ | ५३१९६० | ५४७९१८८ |
| पूर्वाधार सम्भार शुल्क | इभान्सी निर्माण सेवा | २५९९००० | २३०००० | २३६९००० |
| ठूलो बक्राहा खोला नदिजन्य पदार्थ उत्खनन | सुर्यकमल निर्माण सेवा | ६६३६६६६५ | ५८७३१५५ | ६०४९३५१० |
| **जम्मा** | | | **६६३५११५** | **६८३४१६९८** |

६९ **नविकरण शुल्क :**

पालिकाको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० को सि.नं. १२५ मा संस्थागत विद्यालय नविकरण शुल्क रु.५०००।– देखि रु.१५०००।- सम्म निर्धारण गरेकोमा पालिकाले लेखापरीक्षणको अवधिसम्म पालिका अन्तर्गत संचालित १४ वटा संस्थागत विद्यालयको नविकरण शुल्क रु.१,४०,०००।- असुल गरेको नदेखिएको हुँदा असुल गर्नुपर्ने देखिएको रु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | नविकरण शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|---|
| १ | रिलायन्स इ.सेकेण्डरीस्कूल | मिक्लाजुङ–७ | २०४६ | नर्सरी–१० | १५०००. |
| २ | भानु मेमोरियल इ.स्कूल | मिक्लाजुङ–७ | २०५१ | नर्सरी–१० | १५०००. |
| ३ | मदरमधुमल्लाइ.बो.स्कूल | मिक्लाजुङ ९ | २०५९ | नर्सरी–१० | १५०००. |
| ४ | क्लासिकल इ.स्कूल | मिक्लाजुङ–८ | २०५६ | नर्सरी–१० | १५०००. |
| ५ | सरस्वती इ.स्कूल | मिक्लाजुङ–८ | २०५८ | नर्सरी–१० | १५०००. |
| ६ | निर्मलसिद्धार्थइ.बो.स्कूल | मिक्लाजुङ–९ | २०६१ | नर्सरी–१० | १५०००. |
| ७ | मिक्लाजुङ इ.एकेडेमी | मिक्लाजुङ–३ | २०६५ | नर्सरी–८ | १००००. |
| ८ | भिञ्चि इ.स्कूल | मिक्लाजुङ–३ | २०६३ | नर्सरी–५ | ५०००. |
| ९ | जलेश्वरी इ.बो.स्कूल | मिक्लाजुङ–३ | २०६६ | नर्सरी–५ | ५०००. |
| १० | सृजना इ.बो.स्कूल | मिक्लाजुङ–४ | २०५४ | नर्सरी–५ | ५०००. |
| ११ | चिल्ड्रेन अर्चाइडइ.स्कूल | मिक्लाजुङ–६ | २०६५ | नर्सरी–५ | ५०००. |
| १२ | ग्रीन्ल्याण्डइ.बो.स्कूल | मिक्लाजुङ–९ | २०६६ | नर्सरी–४ | ५०००. |
| १३ | जनज्योती इ.बो.स्कूल | मिक्लाजुङ–४ | २०६७ | नर्सरी–३ | ५०००. |
| १४ | नोवेल्टी इ.स्कूल | मिक्लाजुङ–३ | २०७१ | नर्सरी–१ | ५०००. |
| १५ | तोरीबारी विद्यामन्दीर | मिक्लाजुङ–८ | २०६८ | नर्सरी–१ | ५०००. |
| जम्मा | | | | | १४००००. |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,००० |

७० **आन्तरिक आय :-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै, सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न

कर तथा शुल्क

लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, फोहोरमैला व्यवस्थापन शुल्क, हाटबजार कर लगाएतका शिर्षकबाट रु.१४,५४,८४,७००।–आम्दानीप्रक्षेपण गरेकोमा रु.३,५३,१०,८५१.१४।–आम्दानीगरेको देखिन्छ जुन प्रस्तावित आम्दानीको २४.२७ प्रतिशत हो। राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन्

:

७०.१ **राजश्व संकलन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको पालिकाबाट तथा वडा कार्यालयगत राजश्व संकलनको अवस्थालाई निम्नानुसार चित्रण गरिएको छ ।




**(विस्तृत विवरण बेरूजु दफा ७०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७०.२ **आय प्रक्षेपण र आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएकोअवस्था छ । राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

| आम्दानी शीर्षक | अनुमान | आम्दानी | प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | २०००००० | १०५४६५९ | ५२.७३ |
| भुमिकर/मालपोत | २५००००० | ३८६१३६ | १५.४५ |
| वहाल कर | ११००००० | १२१०१८३ | ११०.०२ |
| वहाल विटौरी कर | ५०००० | ५५०९६८८ | ११०१९.४० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १८००००० | २२७४५०० | १२६.३६ |
| व्यवसायले भुक्तानी गर्ने | ६००००० | १५०० | ०.२५ |
| व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ५०००० | ० | ०.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १८००००० | ४३०११५ | २३.९० |
| अन्य कर | ४७००१००० | १२३९५२५ | २.६४ |
| अन्यसंस्थागत आन्तरिक अनुदान | ३०००००० | ३१७६१६३ | १०५.८७ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २००००० | २७९४७५० | १३९७.३८ |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५००० | ० | ०.०० |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १००००० | ० | ०.०० |
| अन्य बिक्रीबाट प्राप्त रकम | २५००० | १००० | ४.०० |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ५००० | ० | ०.०० |
| न्यायिक दस्तूर | २५००० | १९२५० | ७७.०० |
| शिक्षा क्षेत्रको आम्दानी | ५५००० | ६००० | १०.९१ |
| परीक्षा शुल्क | १००००० | ५०५०० | ५०.५० |
| यातायात क्षेत्रको आम्दानी | ५०००० | ० | ०.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | ७५१००० | ७५.०९ |
| पार्किङ्ग शुल्क | २५००० | ० | ०.०० |
| नक्सापास दस्तुर | १००००० | १२८३७९ | १२८.३८ |
| सिफारिश दस्तुर | २०००००० | १६९६५९६ | ८४.८३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | ४६०५४९ | ४६.०५ |
| नाता प्रमाणित दस्तुर | २००००० | १२१२५० | ६०.६३ |
| अन्य दस्तुर | ७००००० | २३७२२७२ | ३३८.९० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०००००० | ३५०७९७ | १७.५४ |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०००० | ० | ०.०० |
| विद्युत सम्बन्धी दस्तुर | १०००० | २५० | २.५० |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५००० | ० | ०.०० |
| अन्य क्षेत्रको आय | ५००० | ६२५० | १२५.०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | ५००००० | ० | ०.०० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००००० | १०४८६७५ | ५२.४३ |
| धरौटी सदरस्याहा | ४५८७०० | १८४०००० | ४०१.१३ |
| प्रदुषण नियन्त्रण शुल्क | ५००० | ० | ०.०० |
| अन्य राजस्व | ६५०००००० | ४१०८७५४ | ६.३२ |
| व्यवसाय कर | २०००००० | २०००० | १.०० |
| अन्य संस्थागतआन्तरिक अनुदान | ८०००००० | ४२५२११२ | ५३.१५ |
| जम्मा | १४५४८४७०० | ३५३१०८५१ | २४.२७ |

७०.३ **राजश्व आयको प्रवृत्ति :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।




**(विस्तृत विवरण बेरूजु दफा ७०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **पुष्पखेती प्रोत्साहन कार्यक्रम :-** (96-२०८०-७-२):

पालिकाले पुष्पखेती प्रोत्साहन कार्यक्रम अन्तर्गत सयपत्री फुल शतप्रतिशत अनुदानमा वितरण कार्यक्रम बापत रु. २ लाख भुक्तानी गरेको देखिन्छ । स्थानीय तहमा दररेट उपलब्ध नभएको भनी लागत अनुमान तयार गर्न दररेट रुपन्देही जिल्लाका कृषि फर्महरुसँग माग गरी औशत दररेट ११.६६ प्रति विरुबा कायम गरेको देखियो ।पुन पालिकाले मोरङ्गमै रहेका संस्थासँग दररेट माग गरी कम दररेट पेश गर्ने दिपेश नर्सरी सुन्दरहरैचा मोरङ्गबाट प्रति बिरुवा रु.७ का दरले रु. २८५७१ थान फुलका बिरुवा खरिद गरेको देखिन्छ ।अत: मोरङ्गमै कृषि नर्सरी फर्महरु रहेकोमा लागत अनुमान बनाउने सन्दर्भमा रुपन्देहीका फर्मसँग दररेट माग गर्ने कार्य उपयुक्त नदेखिदा पालिकाले विश्वसनिय लागत अनुमान बनाउन ध्यान दिनुपर्दछ ।

७२ **प्रमाण पेश :-** (३१९-२०८०-१०-१९):

पालिकाले विभिन्न कार्यक्रम वापत खाजा तथा खाना वापतको रकम उपलब्ध गराईपाउ भनी पुरी होटल मिक्लाजुङ्ग ७ ले मिति २०८०।१०।२८ गते निवेदन पेश भएकोमा द.न.१९१३ मा दर्ता भएको देखिन्छ । पुन सोहि रकम निकासा पाँउ भनी चन्द्र प्रकाश श्रेष्ठले निवेदन पेश गरेको देखिन्छ । यसरी एउटै बिलमा सम्बन्धित फर्म र कार्यालयको कर्मचारीको निवेदन पेश भएकोमा पालिकाले सम्बन्धित फर्मलाई भुक्तानी नगरी कर्मचारी चन्द्रप्रकाश श्रेष्ठलाई रकम भुक्तानी गरेको देखिन्छ । कारोबार होटलसँग भएकोमा होटलको निवेदन पेश हुदाँ समेत व्यक्तिको नाउमा भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २४,४१० |

७३ **घटी कर कट्टी-**

आयकर ऐन २०५८ तथा मूल्य अभिबृद्ध कर ऐन २०५२ बमोजिम दर्ता भएको करदाताले रीतपूर्वक कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । आयकर ऐन २०५८ को दफा ८८ बमोजिम परामर्श शुल्क भुक्तानी गर्दा कर विजक पेश भएमा १.५% र अन्यथा १५% अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका गैरसरकारी संस्थाबाट सोझै प्रस्ताव मार्फत कार्यक्रम सञ्चालन गर्दा संस्थाको कर विजक नभएकोमा १५% अग्रिम करकट्टी गर्नुपर्नेमा घटी कट्टी गरेकोले नपुग कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ .नं./ मिति | कार्यक्रमको नाम | गैससको नाम | भुक्तानी रकम रु | कट्टी कर रु | नपुग रकम रु |
|---|---|---|---|---|---|
| ३२१-२०८०।११।१ | एड्भान्स बुटिक तालिम ३० दिने | समुदाय बिकास मञ्च रतुवामाई मोरङ्ग | २९६५७९ | १०८२५ | ३३६६२ |
| ४३२-२०८०।१२।६ | प्याड बनाउने तालिम ५ दिने | नव नेपाल कल्याण समाज | १४९७५० | ७८६० | १४६०३ |
| कुल | | | | | ४८२६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,२६५ |

७४ **वित्तीय साक्षरता कार्यक्रम :-** (637-२०८१-२-१६):

पालिकाका अधिकृत छैटौ लाखमान तामाङ्गलाई वित्तीय साक्षरता तालिम संचालन गर्न रु.२९९८७० भुक्तानी भएको छ । पालिकाका कर्मचारी तथा विद्यालयका शिक्षकहरु संलग्न रहेको सो तालिममा मुख्य प्रशिक्षक सुवाषचन्द्र भट्टराईलाई ९ सेसन संचालन वापत काठमाडौंबाट पालिकामा उपस्थित भएको यातायात खर्च सहित १५०००० भुक्तानी भएको देखिन्छ । नेपाल सरकारको सार्वजनिक खर्च मितव्ययिता सम्वन्धि निर्देशिका बमोजिम रकम भुक्तानी भएको नदेखिदा सो भुक्तानीलाई पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु. पालिकाका अधिकृत छैटौ लाखमान तामाङ्गलाई वित्तीय साक्षरता तालिम संचालन गर्न रु.२९९८७० भुक्तानी भएको छ । पालिकाका कर्मचारी तथा विद्यालयका शिक्षकहरु संलग्न रहेको सो तालिममा मुख्य प्रशिक्षक सुवाषचन्द्र भट्टराईलाई ९ सेसन संचालन वापत काठमाडौंबाट पालिकामा उपस्थित भएको यातायात खर्च सहित १५०००० भुक्तानी भएको देखिन्छ । नेपाल सरकारको सार्वजनिक खर्च मितव्ययिता सम्वन्धि निर्देशिका बमोजिम रकम भुक्तानी भएको नदेखिदा सो भुक्तानीलाई पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

७५ **स्वरोजगार तालिम :-**

पालिकाको विभिन्न वडाले युवाहरुको लागी स्वरोजगार कार्यक्रमका लागि ३० दिने हलुका ड्राइभिङ्ग तालिम विभिन्न मितिमा संचालन गर्न दरभाउपत्र माग गरेकोमा वडा नं.५,६ र ८ मा नेम्बाङ्ग ड्राइभिङ्ग सेन्टर प्रा.लि.झापा र वडा नं. १,२ र ४ मा चन्द्रसुर्य सिप विकास संस्थाले न्यूनतम दरभाउपत्र पेश गरेका छन् । वडा नं.५,६ र ८ वडामा पेश गरेको दरभाउपत्र नेम्बाङ्ग ड्राइभिङ्ग सेन्टरले पेश गरेको छ । जसमा सबै एउटै व्यहोरा भएकोमा समेत प्रति व्यक्ति लागत फरक फरक रहेको देखियो । वडा नं. ६ को तुलनामा वडा नं. ५ मा ४१६०० बढी रकम भुक्तानी गरेको देखिदा फरक/फरक दररेट पेश गर्ने नेम्बाङ्ग ड्राइभिङ्ग सेन्टरले प्रति व्यक्ति बढी दरराखी पेश गरी भुक्तानी लिएको रु.४३१०० असुल गर्नुपर्ने देखिएको रु.

| भौ.न./मिति | विवरण | सहभागीसंख्या | प्रति व्यक्ति लागत | भुक्तानी | भुक्तानीभएको संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| ६९७-२०८१/३/६ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. ५ | १६ जना | १२५०० | १९९९९९ | नेम्बाङ्गड्राइभिङ्ग सेन्टर प्र.ली. | ४१६०० बढीभुक्तानी |
| ६५६-२०८१/२/२४ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. ८ | १५जना | १०००० | १५०००० | नेम्बाङ्गड्राइभिङ्ग सेन्टर प्र.ली. | १५०० बढीभुक्तानी |
| ७८७-२०८१/३/१७ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. ६ | २० जना | ९९०० | १९९९९९ | नेम्बाङ्गड्राइभिङ्ग सेन्टर प्र.ली. | ० |
| ७२१-२०८१/३/९ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. १ | ३० जना | १०००० | ३००००० | चन्द्रसुर्यसिप विकास संस्था | ० |
| ७२२-२०८१।३।९ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. ४ | २० जना | १०००० | २००००० | चन्द्रसुर्यसिप विकास संस्था | ० |
| ७७४-२०८०।३। १७ | ३० दिनेहलुका ड्राइभिङ्ग तालिम वडा नं. २ | १० जना | १०००० | १००००० | चन्द्रसुर्यसिप विकास संस्था | ० |
| जम्मा | | | | | | ४३१०० |
| | | | | | असुल गर्नुपर्ने | ४३,१०० |

## ७६ सामाग्री वितरणका कार्यक्रम

पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी खेलकुद सामाग्रि तथा वडागत बजेटमा समेत वितरणमुखी कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ ।वितरणमुखी कार्यक्रमको निश्चित मापदण्ड तयार नगरेको, युवा तथा खेलकुद कार्यक्रमतर्फ खेलकुदका समुह तथा क्लवहरु नभई व्यक्तिलाई खेलकुद सामाग्री प्रदान गरेको देखियो । अत: यस्ता अनुत्पादक कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| भौ.न./मिति | कार्यक्रम | विवरण | खर्च रकम |
|---|---|---|---|
| १९२-२०८०।९। १८ | युवा तथा खेलकुद विकास कार्यक्रम | न्यू पाथिभरा स्पोर्टस सेन्टर | ४७४७६९ |
| २३९-२०८०।१०। २१ | युवा तथा खेलकुद विकास कार्यक्रम | जाको स्पोर्टस एण्ड म्युजिक | ९६३३२ |
| २९२-२०८०।१०। २१ | युवा तथा खेलकुद विकास कार्यक्रम वडा नं. ५ | जाको स्पोर्टस एण्ड म्युजिक | ९९९८० |
| २५४-२०८०।१०। २१ | सुत्केरी र गर्भवती महिलालाई उपहार वितरण कार्यक्रम | ५० जनालाई १/२ के.जी.मह, १ केजी घिउ,१ क्यारेट अण्डा र १ थान झुल | १००००० |
| २६९-२०८०।१। २२ | दलित बिपन्नलाई सहयोग | ७० थान फाईबर सिरक वितरण | ९९४२५ |
| ४०१-२०८०।११। २४ | युवा तथा खेलकुद विकास कार्यक्रम | जाको स्पोर्टस एण्ड म्युजिक | २१२६०५ |

७७ **सार्वजनिक सुनुवाई/परीक्षण** (६५३-२०८१-२-२३):

पालिकाले सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको लागि सिलबन्दी दरभाउपत्र बमोजिम न्यूनतम कबोल गर्ने कोशी सन्देश मिडिया प्रा.ली.लाई रु.१९६५०७ भुक्तानी भएको छ ।कार्यक्रम संचालनको लागि पेश गरेको लागत अनुमान तथा सम्झौता बमोजिम कार्यक्रम संचालन गरेको मिति समय सहभागीहरुको विवरण लगायतका विवरण नखुलाई पालिकाबाट भएका विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको देखिन्छ । साथै सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम कै लागि गौ.भौ.न.८३५ मिति २०८१।३।१९ बाट पकली टेक्नोलोजि इन्स्टिच्युट प्रा.ली. सुनसरीलाई रु.२९२६७० भुक्तानी भएको छ । पालिकाबाट हुने भुक्तानीमा दोहोरो नपर्ने गरी यकीन गरेर मात्र भुक्तानी दिनेतर्फ ध्यान दिनु पर्दछ ।

७८ **च्यापकटर खरिद/वितरण** (696-२०८१-३-६):

पालिकाले पशुपंक्षी शाखाका लागि आ.ब.२०८०/८१ को व्यवसायीक पशुपालनको लागि च्यापाकटर वितरणका लागि ७५ प्रतिशत अनुदानमा प्लाईट इन्टरनेशनल प्रा.ली.विराटनगर ४ मोरङ्गबाट २३ थान च्यापाकटर खरिद गरी रु.६५९८७० भुक्तानी भएको छ । कार्यक्रम बमोजिम ७५ प्रतिशतले हुने रु.४९४९०३ पालिकाबाट भुक्तानी गर्नुपर्नेमा कार्यक्रममा विनीयोजन भएको रु.५००,००० भुक्तानी भएको देखियो । कृषकको लागत सहभागिता बापत २५ प्रतिशतले हुने रु.१६४९६८ भुक्तानी दिनुपर्नेमा रु.१६६७५० सम्बन्धित संस्थालाई नगदै बुझाएको भरपाई संलग्न भएको देखिदा रु.६८७९ बढी भुक्तानी भएको देखिन्छ । कृषकको लागत सहभागिता वापतको रकम बैंक दाखिला गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै पालिकाले उल्लेखित सामानको आपुर्ति वोलपत्रको माध्यमवाट गरेतापनी सामानको लागत अनुमान तयार गर्दा कम दररेट पेशलाई आधार लिएको, आपुर्ति पश्चात् स्वीकृत प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई निरिक्षण वा परीक्षण प्रतिवेदन तयार नगरेको तथा प्राप्त गर्ने कृषक छनौटको स्पष्ट आधार देखिएन । तसर्थ सामान खरिद गर्दा प्रचलित कानुनमा भएका व्यवस्थाको पालना गर्ने साथै कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना गरी कृषि ओजार वितरण गर्ने र सघन अनुगमन मार्फत दिगो उपयोग गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।कार्यक्रमको भुक्तानीमा भएको बढी भुक्तानी रु.६८७९ रकम सम्बन्धित संस्थाबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८७९ |

७९ **नमुना विद्यालयः** (२२१-२०८१-३-१९):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्सहान अनुदान ९.८ नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान रु.३० लाखसंग सम्बन्धित निर्देशिका अनुसार अनुदानको शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पुर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी शैक्षिक सत्र २०८० को लागि अनुदान दिईने छ तथा उक्त रकम विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्ने, विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने व्यवस्था छ । पालिकाले मनोहर जनता माविसँग रु.३० लाखको विद्यालयको गुरुयोजना अनुसार सम्झौता गरी समग्रमा २०८१ अषाढ मसान्त सम्ममा कार्यक्रम सम्पन्न गर्ने सम्झौता भएको छ । पालिकाले सम्झौता अनुसार विद्यालयलाई दुई किस्तामा अनुदान वापत रु.३० लाख निकासा दिएको छ । विद्यालयले पेश गरेको फाँटवारीमा रु.३० लाखको कार्यक्रम गरी विल भरपाई पेश गरेको देखियो । यस सम्बन्धमा पालिकाबाट अनुगमन तथा मुल्यांकन गरेको प्रतिवेदन संलग्न गरेको देखिएन । पालिकाको अनुगमन तथा मुल्यांकन वेगर विद्यालयको गुरुयोजना अनुसार कार्यक्रम प्रभावकारी भएकोमा विश्वस्त हुन सकिएन । अतः पालिकाले अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

८० **रेमि परियोजनाः**

बैदेशिक रोजगारीबाट फर्केका ब्यात्तिहरुको लागि पूनःएकिकरण (रेमि परियोजना) का लागि यस पालिकामा जम्मा बजेट रु.५१ लाख विनियोजन भएकोमा कार्यक्रम संचालन खर्च वापत रु.१२ लाख ४२ हजार, संचालन खर्च वापत रु.५ लाख ५२ हजार र तलब भत्ता

खर्च वापत रु.२९ लाख ८५ हजार गरी जम्मा खर्च रु.४७ लाख ७९ हजार गरेको देखिन्छ । २५ वटा कार्य जिम्मेवारी तोकिएकोमा ३ वटा बाहेक अरु कार्य सम्पन्न भएकोमा समग्रमा ९३.७१ प्रतिशत कार्य प्रगति गरेको देखिन्छ । परियोजनाले कार्यक्रमको उद्वेश्य अनुरूप वैदेशिक रोजगारबाट फर्कीएका व्यक्तीहरुलाई नेपाल/स्वदेश भित्र नै सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रुपमा सक्रिय बनाई समुदायमा पुनः स्थापित गराउने कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

८१ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसूचीमा समावेश गरिएको छ । शिक्षक दरवन्दीलाई विद्यार्थी संख्याको अनुपातमा व्यवस्थापन गरी शिक्षक पदपूर्तीको व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८२ **स्पेसिफिकेसन नखुलाएको :** (७९-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाइ आम्दानी बाध्नु पर्ने व्यवस्था छ ।पालिका अन्तर्गतको मिक्लाजुङ क्याम्पसले बुष्ट कम्प्युटर एण्ड सप्लायर्सबाट Desktop Computer I5 , Laptop Dell i5 10th gen, Canon Printer लगाएतका सामानहरु रु.२,४४,५००।– मा खरिद गरी सो सामान दाखिला गर्दा स्पेसीफिकेसन नखुलाई कम्प्युटर १ थान, ल्यापटप १ थान, प्रिन्टर १ थान मात्र भनी दाखिला गरेको पाइयो ।यसरी दाखिला गर्दा सम्पत्ति हिनामिना हुन सक्ने हुँदा जिन्सी दाखिला गर्दा अनिवार्य रुपमा स्पेशिफिकेशन खुलाई दाखिला गर्नु पर्दछ साथै विल भुक्तानी गर्दा सम्बन्धित सप्लायर्सको नाममा सिधै EFT मार्फत भुक्तानी दिनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

८३ **तलब तथा सुविधा**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार काठमाण्डौंको बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकीकरण परियोजना (ReMi) सञ्चालन सम्बन्धी वित्तीय मार्गदर्शन, २०८० अनुसार तलबमा थप सुविधा वापत सामाजिक सुरक्षा कोषको नियमानुसार कर्मचारीको तलबको २० प्रतिशत रोगजारीदाताबाट थप र कर्मचारीको तलबबाट ११ प्रतिशत गरी आधारभूत तलबको कूल ३१ प्रतिशत रकम प्रत्येक महिना सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा पुनः एकीकरण सम्बन्धी सेवा संचालन गर्न परियोजना अन्तर्गत करारमा नियूक्त ४ जना कर्मचारीहरुलाई तलब तथा सुविधा प्रदान गरेको छ । यस व्यवस्था अनुसार ४ जना कर्मचारीलाई रु.५८३३९२.०० थप भुक्तानी दिएकोले थप व्ययभार बढेको देखिन्छ ।

८४ **निशुल्क पाठ्यपुस्तक रकम निकासाः**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु.२४५७०८६.०० विभिन्न ३९ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा रु.७५४६२६.०० गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको छ । पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ ।

लेखापरीक्षणका लागि नमुना छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्रसं | विद्यलयको नाम | कक्षा | विद्यार्थी संख्य | | फरक | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भएको | भुक्तानी | | | | |
| १ | कालिकसामावि | ३ | १३ | १५ | २ | ५८०.८ | ११६१.६ | |
| | | ६ | ६४ | ८५ | २१ | ७०७.३ | १४८५३.३ | |
| | | ८ | ८३ | ८९ | ६ | ८८२.२ | ५२९३.२ | |
| | | ९ | १४८ | १५७ | ९ | ७७० | ६९३० | |
| | | ११ | ० | १६६ | १६६ | ३११ | ५१६२६ | विद्यर्थीअध्यावधिक नभएको |
| | | १२ | ० | १६२ | १६२ | ३८८ | ६२८५६ | |
| | **जम्मा** | | | | **०** | | **१४२७२०** | |
| २ | भगवती मावि | १ | १३ | १५ | २ | ५२०.८ | १०४१.६ | |
| | | ३ | २२ | २५ | ३ | ५८१ | १७४३ | |
| | | ४ | ४१ | ४५ | ४ | ५९७ | २३८८ | |
| | | ७ | ९३ | १०० | ७ | ७४८ | ५२३६ | |
| | | ११ | १४० | १५० | १० | ३११ | ३११० | |
| | **जम्मा** | | | | **०** | | **१३५१८.६** | |
| ३ | श्रीबक्राहा मावि | १ | ९ | ११ | २ | ५२१ | १०४२ | |
| | | ३ | १५ | १७ | २ | ५८१ | ११६२ | |
| | | ४ | २२ | २४ | २ | ५९७ | ११९४ | |
| | | ८ | २५ | ३० | ५ | ८८२ | ४४१० | |
| | | ९ | ३२ | ४० | ८ | ७७० | ६१६० | |
| | | १० | ३२ | ३६ | ४ | ९२४ | ३६९६ | |
| | **जम्मा** | | | | **०** | | **१७६६४** | |
| | **कुल जम्मा** | | | | | | **१७३९०३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७३,९०२.६ |

८५ **स्यानिटरी प्याड**- (201-२०८१-३-६):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२९५ जना रहेका छन। पालिकाले मेडिसर्ज ट्रेडर्स विराटनगरबाट १२४५६ थान स्यानिटरी प्याड रु.९९६३८९।०७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २०८१।२।२८ मा खरिद तथा दाखिला गरी ८ विद्यालयलाई दामाशाहीको आधारमा ११००० थान हस्तान्तरण गरी १४५६ थान बाँकी रहेको फाँटवारीमा संलग्न गरेको छ । विद्यालयका विद्यार्थीहरुको माग र आवश्यकता अनुसार हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरि बाँकी स्टोरमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र कार्यविधि अनुसार प्याड खरिद तथा वितरण गर्नुपर्ने तथा यस आर्थिक वर्षमा खरिद गरी बाँकी रहेको हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१६,४६९ |

८६ **स्यानिटरी प्याड डिसपोजिल मेशिन खरिद**- (253-२०८१-३-१७):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ९ (१) मा सेनिटरी प्याडको विसर्जन सम्बन्धीमा प्रयोग भएका महिनावारी व्यवस्थापन सामाग्रीहरुलाई वातावरणमा प्रतिकूल असर नपर्ने गरी दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नु पर्नेछ । साथै विद्यालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोर मैला सरह यस्ता वस्तुहरुको विसर्जन गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्यानिटरी प्याड डिसपोजिल मेशिन रिप्पल ग्रुप अफ इण्डष्ट्री एण्ड प्रा.लि बाट कोटेशन मार्फत २०८१।३।२ मा मेशिन प्रति थान रु.४२५००।०० का दरले १६ थान रु.६८००००।०० मा खरिद गरेको छ । पालिका भित्रका १५ विद्यालयलाई २०८०।३। १८ मा हस्तान्तरण गरेको देखिन्छ । खरिद भएको सामाग्री १५ थान हस्तान्तरण गरिएकोमा बाँकी १ थान वितरण गर्न बाँकी विद्यालय लाई हस्तान्तरण गरी उक्त मेशिन जडान तथा प्रयोन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,५०० |

८७ **विद्यालयलाई अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई समाग्री व्यवस्थापनका लागि ३९ विद्यालयलाई अनुदान रु.३२६५०००।०० निकासा दिएको छ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्रसं | विद्यलयको नाम | कक्षा | विद्यार्थी संख्य | | फरक | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भएको | भुक्तानी | | | | |
| १ | कालिकसामावि | ६ देखि८ | २४८ | २६२ | १४ | २०० | २८०० | |
| | | ११ देखि १२ | ० | ३२८ | ३२८ | २५० | ८२००० | विद्यर्थीअध्यावधिक नभएको |
| | | प्राविधिकधार | ० | १४२ | १४२ | १४००० | १९८८००० | |
| | **जम्मा** | | | | **०** | | **२०७२८००** | |
| २ | भगवती मावि | बालकक्षा | १३ | १८ | ५ | ५०० | २५०० | |
| | | १ | २६ | २८ | २ | १०० | २०० | |
| | **जम्मा** | | | | **०** | | **२७००** | |
| ३ | श्रीबक्राहा मावि | बालकक्षा | ३० | ३२ | २ | ५०० | १००० | |
| | | ९देखि १० | ७५ | ७६ | १ | २०० | २०० | |
| | **जम्मा** | | | | **०** | | **१२००** | |
| | **कुल जम्मा** | | | | | | **२०७६७००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,७६,७०० |

८८ **छात्रवृति वितरण कार्यक्रम**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं २.८.४ माउल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयकोविव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावकसङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालयव्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितकोविवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्नलगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नं. वाट रु.८३४६००.०० रकम छात्रवृतिका लागि ३९ विद्यालयको नाममा निकासा पठाएको छ । पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृति पाए नपाएको यकिन गर्नुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गरेको प्रमाण गर्नुपर्ने रु.

| क्रसं | विद्यलयको नाम | कक्षा | विद्यार्थीसंख्य | | फरक | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| | | | भएको | भुक्तानी | | | |
| १ | कालिकसामावि | ८ | ४७ | ५५ | ८ | ४०० | **३२००** |
| २ | भगवती मावि | १ | १६ | १८ | २ | ४०० | ८०० |
| | | ८ | ४६ | ४९ | ३ | ४०० | १२०० |
| | **जम्मा** | | | | | | **२०००** |
| ३ | सरस्वतीमावि | २ | ४ | ५ | १ | ४०० | ४०० |
| | | ६ | १८ | १९ | १ | ४०० | ४०० |
| | | ७ | २४ | २५ | १ | ४०० | ४०० |
| | | ८ | २३ | २६ | ३ | ४०० | १२०० |
| | **जम्मा** | | | | **०** | **४००** | **२४००** |
| ४ | चन्द्रमाआवि | ६ | ८ | १० | २ | ४०० | **८००** |
| **जम्मा** | | | | | | | **८४००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४०० |

८९ **संघीय समपुरक अनुदान**

राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं ६(१) मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वियनको लागि त्यस्तो आयोजना र कार्यक्रम कार्यान्वियन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजन/ कार्यक्रम कार्यान्वियनबाट हुनसक्ने उपलब्धी, आयोजना र कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम सपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । संघीय समपुरक अनुदान अन्तर्गत लेखापरीक्षणका लागि छनौट गरिएको निम्नानुसारका योजना निर्माण कार्यको संघीय सरकारबाट ५० प्रतिशतसम्म खर्च रु.८१८५६५०.०० मात्र खर्च लेख्नुपर्नेमा रु.१२२४९४०८.०० खर्च लेखेकोले बढी खर्च लेखेको संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु.

| क्र स | योजनाको नाम | समपुरक अनुदान प्रतिशत | | सम्झौता रकम (Revised समेत) | यो वर्ष खर्च रकम | संघ सरकारबाट खर्च लेख्नुपर्ने | संघ सरकारबाट खर्च लेखेको | बढी खर्च लेखेको |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | स्थानीय | | | | | |
| १ | मावा नाईटेपानी सडक कालोपत्रे | ५०% | ५०% | २०२१७७९० | ४४८९४०८ | २२४४७०४ | ४४८९४०८ | २२४४७०४ |
| २ | सफेवाखोला मोटरेबल पुल निर्माण | ५०% | ५०% | ४२५४०३५३ | ११८८१८९२ | ५९४०९४६ | ७७६०००० | १८१९०५४ |
| जम्मा | | | | ६२७५८१४३ | १६३७१३०० | ८१८५६५० | १२२४९४०८ | ४०६३७५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६३,७५८ |

९० **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १०.०५ देखि ३६.०३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ९० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९१ **बैंक ग्यारेन्टी म्याद कमः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । देहायका निर्माण व्यवसायीहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्क ग्यारेन्टी राखी निर्माण कार्य गरेको देखिन्छ । तसर्थ परफरमेन्स बैङ्क ग्यारेन्टीको म्याद थप भएको प्रमाण पेश हुनु पर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति | बैङ्क ग्यारेन्टीको मिति | बैङ्क ग्यारेन्टी हुनु पर्ने मिति | नपुग समय | बैङ्क ग्यारेन्टी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ११/०७७।७८ | एम/एस लामा यूनिभर्सल जेभी | ८५८९४५२५ | २०७८।३।२२ | २०८१ पौष मसान्त | २०८२ भाद्र मसान्त | २०८२ माघ मसान्त | ५ महिना | १८३५८१०० |

९२ **औषधि खरिद –**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु तथा गाउँपालिका चालु बजेट उप शिर्षकबाट डालिमा मेडिसेल्स प्रा.लि.सँग रु.२८२५५७७।०० को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

९३ **नन फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई

मू.अ.कर रु.१६०९०४३.०० समेत रु.१४३०३७९८.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ८।२०८०।६।२४ | जेवि एण्ड सन्स कन्ट्रक्सन | ६०५११५२६५० | १४५२१०२ | १६७०५६ | Non-filer since २०८१/M/१ |
| २८।२०८०।७।२ | जेवि एण्ड सन्स कन्ट्रक्सन | ६०५११५२६५० | १२०७९८० | १३८९७१ | Non-filer since २०८१/M/१ |
| १६३।०८१।१।१२ | जेवि एण्ड सन्स कन्ट्रक्सन | ६०५११५२६५० | ९७४४३९ | ११२१०३ | Non-filer since २०८१/M/१ |
| ३४१।०८१।३।२४ | जेवि एण्ड सन्स कन्ट्रक्सन | ६०५११५२६५० | २८९४५९५ | २९६४७३ | Non-filer since २०८१/M/१ |
| ८१।०८०।११।१० | नेपाल मेगा प्रविन एम बि ए जेभी | ६१८३१६१५३ | १९४७१४८ | २२४०१६ | Non-filer since २०८०/T/२ |
| ३४५।०८१।३।२४ | नेपाल मेगा प्रविन एम बि ए जेभी | ६१८३१६१५३ | ५८२७५३४ | ६७०४२४ | Non-filer since २०८०/T/२ |
| **जम्मा** | | | **१४३०३७९८** | **१६०९०४३** | |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मुल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

## ९४ सहकारी नियमन -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र जम्मा २८ वटा सहकारी संस्था मध्ये २ वटा मर्ज भएका, ७ वटा निष्कृय अवस्थामा रहेका र बाँकी १९ वटा सकृय अवस्थामा छन । पालिका भित्रका २ वटा सहकारी संस्थाहरुले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्ट गरेको र अन्यले गरेको देखिएन तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्नु पर्दछ ।

## ९५ सहकारी नविकरण -

पालिकाको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० को सि.नं.१२३ मा सहकारी नविकरण शुल्क रु.५०० दर निर्धारण गरेको छ। पालिकामा दर्ता भएका सहकारी संस्थाबाट आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको नवीकरण शुल्क रु.३७,५००।- असुल गरेको नगरेको हुँदा असुल गरी दाखिला गर्ने रु.

| आर्थिक वर्ष | सहकारी संस्था संख्या | नविकरण शुल्क दर | जम्मा रकम |
|---|---|---|---|
| २०७८।०७९ | २५ | ५०० | १२५०० |
| २०७९।०८० | २२ | ५०० | ११००० |
| २०८०।०८१ | २८ | ५०० | १४००० |
| **जम्मा** | | | **३७५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,५०० |

## ९६ सामाजिक सुरक्षा भत्ता वितरण-

पालिकाले यसवर्षको सामाजिक सुरक्षा भत्ता प्रथम चौमासिकमा बैँकमार्फत वितरण गरेको छ भने दोस्रो, तेस्रो र चौथो चौमासिकमा लाभग्राहीको खातामा ई.एफ.टि. मार्फत वितरण गरेको देखिन्छ ।यस वर्ष पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिकमा

रु.१४,७३,१४,०९२।०० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

९६.१ **विगत तीन वर्षदेखिको सामाजिक सुरक्षातर्फ भएको खर्चको अवस्था :**

| आर्थिक वर्ष | भत्ता वितरण |
|---|---|
| २०७८।७९ | १२१२७२७५५ |
| २०७९।८० | १३९२७६९७३ |
| २०८०।८१ | १४७३०२०९२ |
| **जम्मा** | **४०७८५१८२०** |

९६.२ **मृत्यु भएको व्यक्तिको नाममा निकासा -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयमा बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा मृत्यु भएका व्यक्ति र एकल महिलाले विवाह गरी लगत कट्टा गरीसके पश्चात पनि रकम लाभग्राहिको बैँक खातामा जम्मा गरेको देखिएकोले पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ९६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,८१४ |

९६.३ **नागरिकता नम्बर एउटै भएका लाभग्राही -**

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका वडाको प्रथम र दोस्रो त्रैमासिकको लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता निकासाको विवरण नमुना परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिएको छ । पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ९६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९६.४ **अनुगमन तथा सुपरीवेक्षण :-**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ ।

९७ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (व.उ.शि.नं.३७०००११६४)**

ठेक्का नं.११/MRMM/WORKS/NCB/०७७/०७८ १० शैय्याको अस्पताल भवन निर्माण कार्यका लागिपालिकाले रु.१३४१४२६७५.१० को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा एम/एस लामा यूनिभर्सल जे.भी. (६१६०३३५९६) संग मिति २०८० असार २२ मा काम सम्पन्न गर्नेगरी रु.८५८९४५२५.४८ को ठेक्का सम्झौता भएकोमा कार्य सम्पन्न हुन नसकि २०८१ पौष मसान्त सम्मका लागि म्याद थप गरी हाल सम्म सातौं रनिङ्ग विलसम्म रु.४८९५७१३०।१८ भुक्तानी गरेको छ ।यस सम्बन्धमादेखिएका व्यहोरा देहाय बमोजिम छन्

९७.१ **कार्य प्रगतिः** सम्झौता बमोजिम २०८०/३/२२ सम्म उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षणको अवधि सम्म तिन पटक सम्म म्याद थप गरि अन्तिम पटक २०८१ पौष मसान्त सम्मका लागि म्याद थप भएको अवधिको समय व्यतित हुन लाग्दा समेत उक्त निर्माण

कार्यको हालसम्म रु.४८९५७१३०।१८ प्राविधिक मूल्याङ्कन भएको आधारमा ५६.९९ प्रतिशत मात्र वित्तीय प्रगति भएकोले तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सक्ने आधार देखिदैन । अत: तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न कार्यतालिका बमोजिम कार्य गराउने तर्फ आवश्यक अनुगमन तथा मुल्याँकन तर्फ पालिकाले ध्यान गर्नुपर्ने देखिन्छ ।

९७.२ **संसोधित कार्ययोजना:** खरिद सम्झौताको बिशेष शर्त (SCC) को GCC 34.3 मा निर्माण व्यावसायीले संसोधित कार्यतालिका पेश गर्नुपर्ने र नगरेको अवस्थमा रु.५००००।०० रोक्का राख्नुपर्ने व्यवस्था छ । भवन निर्माणको निर्माण व्यावसायीले पटक पटक अवधी थप गरेकोमा स्पष्ट कार्य सम्पादन सुचक सहितको संसोधित कार्यतालीका पेश गरेको पाइएन।अत: सम्झौता अनुसार आगामी भुक्तानी गर्दा सो रकम रोक्का राख्नुपर्दछ ।

९७.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२.क मा व्यवस्था भए अनुसार अग्रिक बैंक जमानत लिई स्वीकृत रकमको २०% सम्म पेश्की दिन दिदाँ पहिलो पटक स्वीकृत पेश्की रकमको आधा र बाँकी आधा रकम कार्यप्रगतिको आधारमा दिन सकिने तथा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था छ । सोही अनुसार दिएको पेश्की रु.१४९८५५६७।०० फर्स्यौट गर्दा ठेक्का सम्झौताको विशेष शर्त (जि.सि.सि. ५७.३) मा कार्यसम्पन्न गर्नुपर्ने कार्य अवधिको ८० प्रतिशत हुने समय अवधि सम्ममा सम्पुर्ण पेश्की फर्स्यौट गरिसक्नु पर्ने उल्लेख छ । पालिकाले यस अस्पताल भवनको निर्माणका लागि दिएको पेश्कीमा सातौं रनिङ्ग विल सम्ममा रु.२३७१२५४।०० मात्र पेश्की फर्स्यौट भएकोमा बाँकी रु.१२६१४३१३।०० सम्झौता अनुसार पेश्की फर्स्यौट गरेको नदेखिएकाले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२६,१४,३१३ |

९८ **बैंक ग्यारेन्टी म्याद कमः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । देहायका निर्माण व्यवसायीहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्ग ग्यारेन्टी राखी निर्माण कार्य गरेको देखिन्छ । तसर्थ परफरमेन्स बैङ्क ग्यारेन्टीको म्याद थप भएको प्रमाण पेश हुनु पर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायीको नाम** | **सम्झौता रकम** | **सम्झौता मिति** | **कार्य सम्पन्न गर्नु पर्ने मिति** | **बैङ्क ग्यारेन्टीको मिति** | **बैङ्क ग्यारेन्टी हुनु पर्ने मिति** | **नपुग समय** | **बैङ्क ग्यारेन्टी रकम** |
|---|---|---|---|---|---|---|---|---|
| ११/०७७। ७८ | एम/एस लामा यूनिभर्सल जेभी | ८५८९४५२५ | २०७८।३। २२ | २०८१ पौष मसान्त | २०८२ भाद्र मसान्त | २०८२ माघ मसान्त | ५ महिना | १८३५८१०० |
| ७/०७७/७८ | मार्गदेवी/सास/ पूर्वाञ्चाल जेभी | ३७३४२१३० | २०७७। १०।२८ | २०८१ मंसिर मसान्त | २०८२ श्रावण मसान्त | २०८२ पुस मसान्त | ५ महिना | ७३९२२४२ |

९९ **प्रमाण कागज बेगर भुक्तानी :-** (102-२०८१-११-१७):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिमसारे जाजीफल कुवापानी चुलीपोखरी बाटो मर्मत तथा स्तरउनन्ती उपभोक्ता समितिलाई नाला तथा बाटो सरसफाई वापत रु.५४०००० भुक्तानी भएको देखिन्छ । जसमा विभिन्न ६ वटा बाटोको लम्बाई १३६२५ मिटरको सरसफाई गरी रु.४०६७१०.९४ भुक्तानी भएको देखिन्छ । ६ वटा बाटोको नाम उल्लेख गरी एकमुष्ट दुरी उल्लेख गर्दा बाटोको चौडाइमा कुनै फरक नगरी एउटै राखी भुक्तानी भएको देखिन्छ । अत: प्रत्येक सडकको चेनेज नखुलाई लमसममा चौडाई खुलाई भुक्तानी भएको देखिएको र सडकको चौडाई एकनाश हुने नदेखिदा सो बाटोको चेनेज खुलाएर भुक्तानीलाई पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०६,७१० |

१०० **कार्यसम्पाद जमानतको म्याद :-** (४३-२०८०-८-२८):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिक्लाजुङ्ग क्याम्पसको घेराबारा कार्यको ठेक्का नं.१३/MRMM/Works/NCB/079-80 कार्यको लागि डिआर कन्सट्रक्स एण्ड इन्जिनियरीङ्गसँग रु.२७०२९०३।६७ मा ठेक्का सम्झौता भएको छ । मिति २०८० जेष्ठ मसान्तसम्म म्याद रहेकोमा निर्माण व्यवसायीको मिति २०८०।२।२ मा म्याद थपको निवेदन बमोजिम पालिकाले मिति २०८०।२।७ गते २०८० असोज मसान्तसम्म म्याद थप गरेको देखिन्छ । म्याद थपमा कार्यसम्पादन जमानत तथा बिमाको समेत म्याद थप गरेर सम्झौता गर्नुपर्नेमा सो को म्याद थप गरेको देखिएन। अत सम्झौताको अवधिभन्दा १३ महिना बढीको म्याद थप तथा बिमा गरेको प्रमाण कागज पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७७,३३१ |

१०१ **बीमाः**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ११२ को उपनियम १ -घ_ मा रु १० लाख भन्दा बढी मुल्यको काम गर्ने निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्मको तथा त्रुटी सच्याउने अवधी (DLP) सम्म समेटिएको बीमा गराउनुपर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार पालिकाले निर्माण व्यवसायीसँग निर्माण कार्यको सम्झौता गर्दा बीमा गराएको भएपनि म्याद थप थप गर्दा बीमाको पनि थप गरी त्रुटी सच्याउने अवधी सम्म कायम भएको हुनुपर्दछ । तर लेखापरीक्षणका लागि नमुना छनौट भएका म्याद थप सम्बन्धी केही ठेक्काको फाँटवारी परीक्षण गर्दा कतिपय निर्माण व्यवसायीले म्याद थप भएको विजक सहितको पोलिसी फाँटवारीमा देखिएन । यसबाट निर्माण व्यवसायीले गर्ने काम, उपकरण तथा कामदारको जोखिम कायमै रहको अवस्था छ । तसर्थ बिमाको म्याद थपको विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **भौ.नं. मिति** | **निर्माण व्यवसायीको नाम** | **कामको विवरण** | **सम्झौता रकम** | **बीमा अवधी** | **हुनुपर्ने बीमा अवधी** | **बिमा खर्च रकम** |
|---|---|---|---|---|---|---|
| ५३।०८१।३।२४ | आर्सा लक्की जेभी | सडक कालोपत्रे | २०२१७७९० | २०८१।११।१४ | २०८२।११।१४ | ५०००० |
| २२।०८०।११।१० | नारायनम प्रेमा जेभी | मोटरेवल पुल निर्माण | ४२५४०३५३ | २०८०।१२।१८ | २०८२।८।३० | ५०७९२८ |
| ११।०८१।१।६ | एम/एस लामा यूनिभर्सल जेभी | १० शैय्या अस्पताल निर्माण | ८५८९४२५२ | २०८१।२।२५ | २०८२।९।३० | ७२९११९ |
| ३४५।०८१।३।२४ | नेपाल मेगा प्रविन एम वि ए जेभी | मगरखोला पुल निर्माण | ४१४३७२२६ | २०८१।४।२२ | २०८२।१०।३० | २६९३३९ |
| **जम्मा** | | | | | | **१५५६३८६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,५६,३८६ |

१०२ **हेभी इक्विपमेण्टको प्रयोग —**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत तथा वडाबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.न. | विवरण | भुक्तानी रकम | कार्यालयको योगदान | निर्माणव्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३९-२०८०।८। २४ | टिकाराईकोघरदेखी मालबारी सडक ग्राभेल उ.स. | ३१७९२६ | २५५१०५ | RRAD कन्सट्रक्सन | ३४९०८७ |
| ७६-२०८०। ११।१० | वेतानीकल्भर्ट देखी उत्तर मिरा बन्जराको घरछेउसम्मको बाटो स्तरोन्नती | ५५८६६० | ५४०९३० | रेनुकानिर्माण सेवा | २१००८९ |
| ८६-२०८०। ११।१४ | क्यामुनेसडक निर्माण तथा स्तरोन्नती | २१५४९५ | १८७०२२ | मिक्लाजुङ्गकन्सट्रक्सन | २२२४११ |
| ८८-२०८०। ११।१४ | ओखलढुंगासडक निर्माण तथा मर्मत उपभोक्ता समिति वडा नं. १ | १९५६५० | १६७३६३ | मिक्लाजुङ्गकन्सट्रक्सन | २२२३४४ |
| ९२-२०८०। ११।१४ | सडकमर्मत सम्भार तथा स्तरोन्नती वडा नं. १ भरी | ४१२९६३ | ३५६५१० | मिक्लाजुङ्गकन्सट्रक्सन | ४४४६८८ |
| १०२-२०८०। ११।१७ | सिमसारेजाते पुल कुवापानी चुलीपोखरी बाटो मर्मत वडा नं. २ | ५५७६२९ | ५४०६०० | पुजापोखरी निर्माण सेवा | ५४२७७२ |
| ११७-२०८०। १२।१ | बक्राहामा.वि.दक्षिण राम ब.मगरको घरसम्मको बाटो स्तरोन्नती | ३२४६८८ | ३२४६८० | SKPD कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | ३३२७७२ |
| १४८-२०८०। १२।२१ | टाडीरोडबाट सुनिल माखिमको घरबाट उत्तर जानेबाटो स्तरोन्नती | ४४४९७८ | ४३२९०० | मिक्लाजुङ्गनिर्माण तथा सप्लायर्स | ४४६९४३ |
| १५३-२०८१। १।६ | आहालेदेखी कोलुङ्ग झरना जाने पर्यटन सडक निर्माण उ.स. | ८९२१५३ | ७७६००० | पाथिभरानिर्माण सेवा | ८९३७३० |
| २१२-२०८१। २।१७ | साजबोटेचुली सडक निर्माण तथा सरसफाई उ.स. | ४०९११२ | ३९७१८५ | मिक्लाजुङ्गनिर्माण तथा सप्लायर्स | २७३६७४ |
| कुल | | ४३२९२५४ | ३९७८२९५ | | ३९३८५१० |

१०३ **अधुरा आयोजना** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.४५२५१५०५ का दुई योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | कार्यविवरण | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| २२/०७८/७९ | डिजे निर्माण तथा ढुवानी सेवा लेटाङ्ग ८ जन्ते मोरङ्ग | कर्भड हल निर्माण | ७९२५३८३ | २०७९ असार २७ | २०८१ वैशाख (३ पटक) | यो वर्ष कार्य नभै भुक्तानी पनि नभएको |
| १२/०७७/७८ | बानीया त्रिवेणी जेभी | वेतनी सिमसार संरक्षण पर्यटकीय क्षेत्र निर्माण | ३७३२६१२२ | २०७८ साउन २९ | २०८१ पौष मसान्त (३ पटक) | यो वर्ष कार्य नभै भुक्तानी पनि नभएको |
| **जम्मा** | | | **४५२५११५०५** | | | |

१०४ **मावा नाईटेपानी सडक कालोपत्रे**

ठेक्का नं. १/MRMM/WORKS/NCB/०८०/८१ मावा नाईटेपानी सडक कालोपत्रे निर्माण कार्यका लागि पालिकाले रु.२९२७२५३८.९१ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा आर्सा/लक्की जे.भी. (६२०९२३५९८) संग मिति २०८१ माघ २४ मा काम सम्पन्न गर्नेगरी रु.२०२१७७९०.६६ को ठेक्का सम्झौता भएकोमा हाल सम्म मोविलाईजेशन पेश्की वापत रु.३४५८०००।०० र पहिलो रनिङ्ग विल वापत रु.४४८९४०८।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

सम्झौता अनुसार ठेक्काको विद्युतिय पोल सार्ने तथा नयाँ पोल राख्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरण उर्लाबारी वितरण केन्द्रले लागत अनुमान रु. तयार गरी सोही अनुसार निर्माण व्यवसायीले पालिकाको निर्देशन बमोजिम पोल सार्ने तथा नयाँ पोल राख्ने कार्य सम्पन्न गरेकोमा सो कार्यको अनुगमन तथा सुपरीबेक्षण गरी सोको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुहुन भनी नेपाल विद्युत प्राधिकरण उर्लाबारी वितरण केन्द्रलाई २०८१।२।१७ मा पत्राचार गरेकोमा विद्युत प्राधिकरणले उक्त कार्यको अनुगमन तथा मुल्यांकन गरी कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको तथा संलग्न फाँटवारीमा निर्माण व्यवसायीले ठुलीगढी सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लिको निर्माण सडकमा ११ केभी वितरण लाईन निर्माण तथा स्थानन्तरण गरेको भनी विल पेश गरी रु.३३८१६७.२५ भुक्तानी गरेको छ । यसरी कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी दिएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३८,१६७ |

१०५ **नभएको कामको भुक्तानी :-** (116-२०८०-११-२४):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । खोलगाड कृषि संकलन केन्द्र निर्माण उपभोक्ता समितिलाई कृषि संकलन केन्द्र निर्माण वापत रु.४७२५०० भुक्तानी भएको छ । जसमा MS Black Pipe को फिटिङ्ग तथा जडान बापतको प्रति के.जी.दर बिश्लेषण गर्दा प्राईमर समेतको रकम राखी बिश्लेषण भएको देखिन्छ ।संलग्न बिल भरपाई तथा तस्बिरमा प्राईमर लगाएको नदेखिदा नभएको कामको भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| विवरण | परिमाण | दिएको दर | दिनुपर्ने दर | फरक | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| MS Black Pipe | १६८१.१७ के.जी. | २००.३९ | १९५.१२ | ५.२७ | ८८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८०० |

१०६ **दररेट संसोधन :-** (१६०-२०८१-१-९):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४८ बमोजिमको दररेट निर्धारण समितिले जिल्लाको लागि जिल्ला दररेट तयार गर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान तयार गर्दा जिल्ला प्रशासन कार्यालयले जारी गरेको जिल्ला दररेटको प्रयोग गर्नुपर्ने र सो मा उपलब्ध नभएका सामाग्रीको हकमा छिमेकी जिल्लाबाट जारी भएको जिल्ला दररेटको आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।

पालिकाले सुके आहाल धुर्पी खोलागाँउ सडक मर्मत उपभोक्ता समितिसँग सडक निर्माण वापत सम्झौता बमोजिम रु.२२८६९१५ भुक्तानी भएको छ । लागत अनुमान तयार गर्दा डोलिडारको नर्म्सको आधारमा सबै प्रकारको माटो खन्ने कामको प्रति घनमिटर रु. ६५.९९ र Ordinary Rock को प्रति घनमिटर १९७.९८ कायम गरी सम्झौता भएको छ । यो दररेट दुबै पक्षले स्विकार गरी कार्यगरिरहेको अवस्थामा मिति २०८०।१०।२९ गते गाउपालिकाले निर्णय गरी निर्माण कार्य मोरङ्ग जिल्लाको दररेट बमोजिम कायम गर्ने भनी सबै प्रकारको माटो खन्ने कामको प्रति घनमिटर रु. ८३.६२ र Ordinary Rock को प्रति घनमिटर ३२७.७० भुक्तानी गर्नेगरी लागत अनुमान संसोधन गरेको देखिन्छ । यसरी निर्णय गर्दा लागत अनुमान भन्दा ९०० घनमिटर कम कार्य भएको देखियो । अत: पालिकाले निर्णय गर्दा संञ्चालित योजनाको कार्यप्रगती उपलब्धी समेतलाई ध्यान दिदै निर्णय गर्न उपयुक्त देखिन्छ । साथै पालिकाले उपभोक्ता समितिलाई सम्झौता बमोजिम रु.२३५३०७८.१० भुक्तानी गरेकोमा उपभोक्ता समितिले मिक्लाजुङ्ग कन्स्ट्रक्सन प्रा.ली.लाई सडक निर्माणमा एक्साभेटर प्रयोग गरेको भनी मुल्य अभिवृदी कर सहित रु.२३५३०७८ को बिल संलग्न गरेको देखिदा उपभोक्ता समितिले सो कन्सट्रक्सनलाई रकम जम्मा गरेको प्रमाण कागज पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,५३,०७८ |

१०७ **सडक बत्ती जडान :-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ७,८ र ९ का विभिन्न सडकमा ABC Cable Street Light जडान कार्यका लागि प्रस्ताव आह्वान गरेकोमा सबैभन्दा कम प्रस्ताव आह्वान गर्ने लोकदिप निर्माण सेवा प्रा.लि.सँग भ्याट सहित रु.८७१६१६ मा २०८०।७।१ देखी ३ महिना भित्रमा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ ।जसमा देहाय बमोजिमको व्यहोरा देखिन्छ ।

• संलग्न बिल भरपाई बमोजिम तोकिएको समयमा नै कार्य सम्पन्न नगरी मिति २०८१।३।६ गते कार्य सम्पन्न भई भुक्तानी भएको देखिन्छ ।कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न मिति २०८०।८।२४ गते हातले लेखेकोमा विद्युत प्राधिकरणले प्राविधिक सहयोगको लागि कर्मचारी पठाएको भनी २०८०।९।२९ गते पालिकालाई पत्राचार गरेको छ ।संलग्न भ्याट बिल हातले केरमेट गरी मिति तथा रकम सच्चाएको देखिन्छ भने नापी किताब कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा कार्यालय प्रमुखले सहि छाप गरेको देखिदैन । अत: समयमा नै कार्य सम्पन्न नगर्ने, हातले मिति तथा रकम सच्चाउने र म्याद थप नगरी तोकिएको मितिभन्दा १८० दिन ढिला कार्यसम्पन्न गर्ने लोकदिप निर्माण सेवा प्रा.लि.लाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था बमोजिम दैनिक ०.०५ प्रतिशतका दरले ८० दिनको सम्झौता रकम बमोजिम हुने ६९४२१ रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,४२१ |

१०८ **नभएको कामको भुक्तानी :-** (181-२०८१-१-१०):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा भरीका बाटो तथा ग्राभेल तथा ड्रेन निर्माण उपभोक्ता समितिलाई रु.९७९००० भुक्तानी भएको छ । जसको लागत अनुमान कै परिमाणमा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम फर्मावापतको ३७६.३९४ वर्गमिटर प्लाईको रु.११०९१९.५५ भुक्तानी भएको देखिन्छ । भौचर संलग्न बिल भरपाई बमोजिम १६ MM र १२ MM को प्लाई रु.३७६०० को मात्र प्रयोग भएको देखिदा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी रकम यथार्थ हो भनी भन्न सक्ने अवस्था नदेखिदा फर्मा बापत बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,३२० |

१०९ **कार्य सम्पन्न तथा मर्मत संभारः**

ठेक्का नं. ४/MRMM/WORKS/NCB/०७९/८० भगवती माध्यमिक विद्यालयको भवन निर्माण कार्यका लागि पालिकाले रु.१७१४८१६६.७९ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा जेवि एण्ड सन्स कन्ट्रक्सन (६०५१५२६५०) संग मिति २०८१ असार १५ मा काम सम्पन्न गर्नेगरी रु.११८१५२२३.१३ को ठेक्का सम्झौता भएकोमा कार्य सम्पन्न भै यस आर्थिक वर्षमा रु.६५२९११८।२५ सहित जम्मा रु.१००२४५७१.५५ भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

**स्थलगत अवलोकन-** महालेखापरीक्षक बाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०८१ बमोजिम लेखापरीक्षण गर्दा आवश्यकता अनुसार स्थलगत रुपमा योजना अवलोकन गरी देखिएका व्यहोरा औल्याउन सकिने व्यवस्था रहेको छ । निर्माण सम्पन्न भएको यस विद्यालय भवनको मिति २०८१।८।९ गते सम्बन्धित प्राविधिक सहित लेखापरीक्षण टोलीले स्थलगत अवलोकन गर्दा भर्‌याङ्ग मुनिको ईट्टा बालुवा जथाभावी छोडिएको सफा नगरिएको, भर्‌याङ्गको श्रेणी भत्कीएको, भवनको छतमा सरसफाई नगरिएको, विभिन्न ठाउँमा रंङ्को काम राम्रो सँग नगरेको, विद्युतिय कार्य केही बाँकी गरी निर्माण कार्य गराएको छ । निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त नभएकोले विद्यालयको भवन मर्मत गर्नुपर्ने देखिन्छ । यस भवन निर्माणका साईड इन्जार्च (प्राविधिक) ले मर्मत गर्नका लागि लागत अनुमान (म.ले.प.फा.नं. ५०१) रु.२१३६९४.६३ लाग्ने प्राविधिक नाप जाँच तयार गरेको देखिन्छ । यस सम्बन्धमा पालिकाले समयमै आवश्यक निर्णय लिई सम्बन्धित निर्माण व्यवसायीबाट मर्मत संभार गरी कार्यन्वयन गरेको प्रमाण पेश गर्नुपर्ने रु.





| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१३,६९४ |

११० **म्याद थप-**

सार्वजनिक खरिद ऐन, नियमावली र खरिद सम्झौतामा खरिद सँग सम्बन्धित शर्त र भुक्तानी सम्बन्धी व्यवस्था रहेका छन् । पालिकाले संघीय, प्रदेश तथा पालिका अन्तर्गत खरिद सम्झौता गरेका निम्नानुसारका सम्झौतामा निर्माण व्यवसायीले खरिद सम्झौतामा निर्धारित अवधि भित्र कार्यसम्पन्न नगरेको तथा ति योजनाहरुको पालिकाले म्याद थप सम्बन्धी गाउँसभाबाट निर्णय एकमुष्ठ रुपमा गरी सम्झौताको अवधी म्याद थप गरेको देखिन्छ । व्यवसायीले सम्झौताको अवधीको म्याद सकिनु भन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्ने तथा पालिकाले प्राप्त निवेदन उपर ७ दिन भित्र टुङ्गो लगाउनु पर्दछ । अतः लेखापरीक्षण को अवधि सम्म म्याद थप नभएको तथा निर्माण कार्यको नापजाँच समेत नभएका उपरोक्त सम्झौतामा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुन आउने पूर्वनिर्धारित क्षतिपुर्ति सम्बन्धमा आवश्यक निर्णय लिई खरिद सम्झौतालाई व्यवस्थित गर्नुपर्ने देखिएको देखिन्छ ।

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | सम्झौता भएको मिति | शुरुमा सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पश्चात सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| ७/०७७। ७८ | मार्गदेवी / एस ए एस/ पूर्वाञ्चल जेभी | प्रशासकिय भवन निर्माण | ५६९३२२३५ | ३७३४२१३० | २०७७। १०।२८ | २०७९।१। ३० | २०८१।९।३० |
| ११/०७८। ७९ | नारायनम प्रेमा जेभी | सफेवा खोला मोटरेवल पुल निर्माण | ६२६६१७८३ | ४२५४०३५३ | २०७८। ११।२२ | २०८०।११। २२ | २०८१।८।३० |
| ११/०७७। ७८ | एम/एस लामा यूनिभर्सल जेभी | १० शैय्या अस्पताल निर्माण | १३४१४२६७५ | ८५८९४२५२ | २०७८। ३।२२ | २०८०।३। २२ | २०८१।९।३० |
| २०/०७८। ७९ | नेपाल मेगा प्रविन एम वि ए जेभी | मगर खोला पुल निर्माण | ६६६४२१५८ | ४१४३७२२६ | २०७९। ३।१९ | २०८१।३। १९ | २०८१।९।३० |

## १११ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि, २०७५ को दफा ५ उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०८०।०८१ सम्मको लागि स्वीकृत कोटा मध्ये ३८० लाभग्राहीले पहिलो किस्ता वापत रु.३००००.०० दरले लगेकोमा ३४१ जनाले कार्य सम्पन्न प्रतिवेदन पेश गरी रु.२००००.०० दरले भुक्तानी लिएकोमा लेखापरीक्षण अवधि सम्म ३९ लाभग्राहीले कार्य सम्पन्न गरि दोश्रो किस्ता भुक्तानी लिएको देखिएन । कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था भएकोले कार्य सम्पन्न भए नभएकोमा कार्यविधिको व्यवस्था अनुसार पहिलो किस्ता लिएका ३९ लाभग्राहीले रु.११७००००।०० अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७०,००० |

## ११२ सफेवा खोला मोटरेवल पुल निर्माण

ठेक्का नं.११/MRMM/WORKS/NCB/०७८/७९सफेवा खोला मोटरेवल पुल निर्माण कार्यका लागिपालिकाले रु.६२६६१७८३.७४ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा नारायनम् प्रेमा जे.भी. (६२०९२३५९८) संग मिति २०८० फाल्गुन २२(म्याद थप भएको) मा काम सम्पन्न गर्नेगरी रु.४२५४०३५३.१४ को ठेक्का सम्झौता भएकोमा हाल सम्म रनिङ्ग विलहरु वापत रु.२९७८७२०८.४२ भुक्तानी गरेको छ ।लेखापरीक्षण अवधीसम्म पुल निर्माण कार्य सम्पन्न भएको तथा बजेट अभावका कारण यस वर्ष भुक्तानी दिने पालिकाको भनाई रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

### ११२.१ गुणस्तर परीक्षणः

सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य गराई भुक्तानी गर्नुअघि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । मोटरेबल पुल निर्माण गर्ने कार्यको Pier Foundation को QAP स्वीकृती गरी परीक्षण कार्य सूचारु गरेको पाइएन । प्राविधिक मुल्याङ्कन गरेकोमा Pier Foundation को गुणस्तर परीक्षण प्रमाण समावेश भएको पाइएन । पुल निर्माण कार्य चालु रहेकोले QAP स्वीकृत गरी गुणस्तर परीक्षण गराएर भुक्तानी गर्नुपर्दछ ।

११२.२ **स्थलगत अवलोकन-** महालेखापरीक्षक बाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०८१ बमोजिम लेखापरीक्षण गर्दा आवश्यकता अनुसार स्थलगत रुपमा योजना अवलोकन गरी देखिएका व्यहोरा औल्याउन सकिने व्यवस्था रहेको छ । निर्माणधिन भएको यस

मोटरेबल पुलको मिति २०८१।८।९ गते सम्बन्धित प्राविधिक सहित लेखापरीक्षण टोलीले स्थलगत अवलोकन गर्दा निर्माण भएको पुलको पुर्णरुपमा साईड क्लिरियस् नभएको, पुलमा जोडिने सडकको साईडमा नालाहरु नबनाएको, सडक भन्दा पुल होचो भएको, सडकको पानी पुलमा आउन सक्ने देखिएको, पुलको तल माटो भरिएको देखिन्छ । यस सम्बन्धमा पालिकाले समयमै आवश्यक निर्णय लिई सम्बन्धित निर्माण व्यवसायीबाट कार्य गरी तोकिएको समयावधि भित्र सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।





## ११३ विविध कार्यक्रम खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले पालिकाको खर्च व्यवस्थापनसँग सम्बन्धित निम्नानुसारका व्यहोरामा उल्लेखित विवरण वा कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु

| **भौ न र मिति** | **खर्चसँग सम्बन्धित व्यहोरा** | **रकम** |
|---|---|---|
| ९२४-३।२४ | देउमान तामाङ्गलाई खेलमा सहभागिता सम्बन्धित खर्च रु २९००० भुक्तान गर्दा रु ६३०० बराबरका बिल नं १७७ को एउटै २ फोटोकपी बिल समावेश भएकोले निजबाट असुल गर्नुपर्ने रु | १२६०० |
| ९३८-३।२४ | बा १ झ १०६१ को सवारी साधन मर्मत गर्दा मोरङ्ग अटो ट्रेड लिंक एण्ड वर्कसप (VAT no 606129697)को विभिन्न ३ बिलबाट टेक ब श्रेष्ठलाई रु १०३००० भुक्तान गर्दा कर विजक समावेश नगरी Estimate Bill मात्र समावेश भएकोले सक्कल कर विजक पेश गर्नुपर्ने रु | १०३००० |
| | **जम्मा** | **११५६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१५,६०० |

## ११४ प्रधानमन्त्री रोजगार कार्यक्रम-

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत

पालिका अन्तर्गत ९ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत ७६.११ दिन रोजगारी उपलब्ध गराई रु.३९,१५,१४८.०० श्रमिक ज्याला खर्च गरेको छ । कार्यपालिकाको निर्णयानुसार योजना छनौट गरी कार्यक्रम संचालन गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

११५ **लागत अनुमान स्वीकृत वेगर खर्च :** (३३-२०८०-१२-४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा कुनै पनि तालिम, कार्यशाला लगायतका जुनसुकै कार्यक्रमको लागि खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट लागत अनुमान स्वीकृत गराउनुपर्ने तथा खर्च भइसकेपछि खर्चको विल भर्पाइ सहितको प्रतिवेदन तयार गरी सम्वन्धितवाट स्वीकृत गराउनुपर्ने उल्लेख छ। गाउँपालिका-शिक्षा (चालु) तर्फबाट पालिका अन्तर्गतको कालिका माध्यामिक विद्यालयद्धारा २०८० फागुन २२ र २३ गते आयोजना गरेको जुनियर रेडक्रस सर्कलको ४१ औँ जिल्ला गोष्टि कार्यक्रममा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगरी तथा बिल भरपाई सहितको प्रतिवेदन सम्बन्धितबाट स्वीकृत नगरी रु.४०००००।– बजेट खर्च लेखेको देखिएको हुँदा कार्यक्रम सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्दछ । साथै: नियमावलीमा भएको व्यवस्थाको पुर्ण परिपालन गरी बजेट खर्च गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

११६ **भुक्तानीमा करकट्टीः**

आयकर ऐन,२०५८ को परिच्छेद १७ दफा ८८ (१) अनुसार परमर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसन्धान र विकासको लागि उत्तम पहल (BIRD) (६१३३१८९३२) बेलवारी, १ मोरङ्ग सँग विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम र महिलाहरुको स्वास्थ्य शिविर कार्यक्रम पालिकामा संचालानार्थ रु.४९४०००.०० संम्झौता गरेको छ । उक्त सम्झौता अनुसार उक्त परामर्शदातालाई भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम करकट्टी रु.७४१००.०० गर्नुपर्नेमा रु.२५१८२.०० मात्र करकट्टी भएकोले बाँकी रु.४८९१८.०० करछुट भएको हुदा उक्त परामर्शदाताबाट छुट कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,९१८ |

११७ **परामर्स तथा डीपीआर खर्च** –

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | Consulting Service for master plan and Detailed architechedcual and engineering Design of Buspark project of Miuklajung Rural Municipality | Engineeko Ghar Pvt.Ltd. Jadibuti,Kathmandu | १५८६९३६ | १५७०७०० | ३०६३५७४५।२१ |
| २ | Preparation of Detailes Engineering Report of cold Store and cold store Storage | T.E.C. Multipurpose Pvt.Ltd. Baneshwor | ६८२४३४ | ६७२३५० | १८३७६९०३।५१ |
| ३ | Detailed Survey and cross section drawing of thulo Bakraha, Solti khola and safewa khola morang | Galaxy Engineering Trade Link Pvt.Ltd. Duwakot,Bhaktaput | १८२६२९८।८८ | १८०५७४० | |
| ४ | Detailed Survey and cross section drawing of mawa khola morang and jhapa district report | Annapurna Kunj Engineering Consultancy Pvt.Ltd.Siraha | १०४८८७६।६३ | १०३३९५० | ५०१८०६६.६३३। |
| ५ | Preparation of Detailes Engineering survey of makara tindovana kalopani road | Paradigm Consultant Biratnagar, morang | ३४७७०३।८२ | ३३९००० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

११८ **तरकारी वाली पकेट-**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजनाको तरकारी वाली पकेट कार्यक्रम वापत कृषि शाखाबाट बितरण भएको यी तथा अन्य अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजनाको अनुदान नीति कार्यान्वियन प्रभावकारी रुपमा गरेको देखिदैन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुल २०७७ को परिच्छेद ४१८ (ख) ५० प्रतिशत अनुदान लागत साझेदारी अनुसार पालिकाले यस आर्थिक वर्षमा देहायको कृषक समुहहरुलाई कार्यक्रम संचालनार्थ अनुदान दिएको छ । तसर्थ यस्ता अनुदानको अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो भो नं र मिति | लागग्राही समुह | कार्यक्रम | लागत अनुमान | पालिको अनुदान | कृषकको अनुदान |
|---|---|---|---|---|---|
| ३५१।०८१।३।२४ | सयपत्री कृषक समुह | धानबाली पकेट विकास कार्यक्रम | ८७२१५८ | ४३४७७९ | ४३७३७९ |
| २७१।२०८१।३।१८ | क्यामुने कृषक समुह | च्याउ पकेट विकास कार्यक्रम | ११५४००० | ६०२००० | ५५२००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मिक्लाजुङ गाउँपालिका, मोरङ , मिक्लाजुङ गाउँपालिका , मोरङ्ग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अभय कुमार गुप्ता | २०८०-६-१ | २०८१-४-२ |
| कार्यालय प्रमुख | तुलराज थापा मगर | २०८१-५-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुशिल वास्तोला | २०७९-५-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,७६२,०१८.६४ | १४,९३२,५४४ | १७,७२६,३०८.६ | ० | ० | ४६७,०५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३८,८८७,९२१.२४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३८,८८७,९२१.२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११२०४७९०४.३८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७७१३८१८० | चालु खर्च | ३८०५८४४२०.३७ |
| प्रदेश सरकारबाट अनुदान | २२६७२००० | पूँजीगत खर्च | १८९८७०८७६.८२ |
| राजश्व बाँडफाँट | १६०३६९२७१.१३ | वित्तीय/अन्य व्यवस्था | २२९७६३६१७.२९ |
| आन्तरिक आय | ३५१९७४२०.४३ | | |
| अन्य आय | २१६५५२४७१.१४ | | |
| कुल आय | ८११९२९३४२.७ | कुल खर्च | ८००२१८९१४.४८ |
| बाँकी मौज्दात | | १२३७५८३३२.६ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | १०,४२,००,३६१.२६ | ० | १०,४२,००,३६१.२६ | ८,३८,०२,६७०.९७ |
| १३००० | अनुदान | | ३९,००,६८,५०९.११ | ० | ३९,००,६८,५०९.११ | ४२,८८,५७,७८८.५१ |
| १४००० | अन्य राजस्व | | ८,३८,१३,८९३.२९ | ० | ८,३८,१३,८९३.२९ | ८,३५,८२,६६५.६९ |
| १५००० | विविध प्राप्ति | | १,२४,१६२.०० | ० | १,२४,१६२.०० | १,००,७२७.०० |
| क | कुल जम्मा प्राप्ति | | ५७,८२,०६,९२५.६६ | | ५७,८२,०६,९२५.६६ | ५९,६३,४३,८५२.१७ |
| ३ | चालु | | ३८,०५,८४,४२०.३७ | ० | ३८,०५,८४,४२०.३७ | ४१,७९,७८,६६१.०४ |
| २१००० | पारिश्रमिक / सुविधा | | २१,२२,५०,२५४.४१ | ० | २१,२२,५०,२५४.४१ | ६,८६,६५,३५८.२५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १६,०६,५१,८४१.९६ | ० | १६,०६,५१,८४१.९६ | १६,२४,४१,०२३.३१ |
| २६००० | अनुदान | | ० | ० | ० | १२,७४,४९,४९२.२० |
| २७००० | सामाजिक सुरक्षा | | ५४,३८,५९४.०० | ० | ५४,३८,५९४.०० | ६१,५२,८४२.०० |
| २८००० | अन्य खर्च | | २२,४३,७३०.०० | ० | २२,४३,७३०.०० | ५,३२,६९,९४५.२८ |
| ४ | पूंजीगत | | १८,९८,७०,८७६.८२ | ० | १८,९८,७०,८७६.८२ | ३०,११,८०,५२०.४८ |
| ३१११० | भवन तथा संरचना | | ३,५९,५६,०८०.०० | ० | ३,५९,५६,०८०.०० | ३,८०,७९,३६९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४९,०६,३८२.०० | ० | ४९,०६,३८२.०० | १,३८,४८,०५९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ६७,२७,८२६.०० |
| ३११४० | सुरक्षा उपकरण | | २,४९,०३५.०० | ० | २,४९,०३५.०० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | १४,३७,८८,५०९.८२ | ० | १४,३७,८८,५०९.८२ | २४,२५,२५,२६६.४८ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ४९,७०,८७०.०० | ० | ४९,७०,८७०.०० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ५७,०४,५५,२९७.१९ | | ५७,०४,५५,२९७.१९ | ७१,९१,५९,१८१.५२ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | | ७७,५१,६२८.४७ | | ७७,५१,६२८.४७ | (१२,२८,१५,३२९.३५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ३९,६७,४९९.७५ | | ३९,६७,४९९.७५ | ७८,६९,६२२.२२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ८,७००.०० | | ८,७००.०० | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,१७,१९,१२८.२२ | | १,१७,१९,१२८.२२ | (११,४९,४५,७०७.१३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ११,२०,४७,९०४.३८ | | ११,२०,४७,९०४.३८ | २२,६९,९३,६११.५१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १२,३७,६७,०३२.६० | | १२,३७,६७,०३२.६० | ११,२०,४७,९०४.३८ |

## बेरूजु दफा ५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | विविध खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ३४५००००. | ३४३०४३४. |
| २ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ३००००००. | ३००००००. |
| ३ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | राजस्व बाँडफाँड – स्थानीय | १७५०४००. | १७२१२७०. |
| ४ | सडक योजनाहरु मर्मत सम्भार | आन्तरिक श्रोत | १००००००. | ८८०६०३. |
| ५ | वडा भरिका बाटो ग्राभेल तथा ड्रेन निर्माण (वडा समितिको निर्णय अनुसार) | नेपाल सरकार - समानिकरण अनुदान | ९०००००. | ८७३०००. |
| ६ | अन्य फिर्ता खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | २००००००. | ८६५७१८. |
| ७ | सडक योजनाहरु मर्मत सम्भार | नेपाल सरकार - समानिकरण अनुदान | २००००००. | ८२८४६२. |
| ८ | खेलकुद तथा अतिरिक्त कृयाकलाप संचालन कार्यक्रम | आन्तरिक श्रोत | ८०००००. | ७९६७३१. |
| ९ | वडा भरि सानासाना बाटाहरुमा ग्राभेल तथा स्तरउन्नती | नेपाल सरकार - समानिकरण अनुदान | ६०००००. | ५७८२०३. |
| १० | अभिभावक विहिन विद्यार्थी सहायता | नेपाल सरकार - समानिकरण अनुदान | ५५००००. | ५३७०००. |
| ११ | भैपरी आउने अन्य सार्वजनिक निर्माण सम्बन्धी योजनाहरुको संचालन | नेपाल सरकार - समानिकरण अनुदान | ३१५०००. | ३१४४६५. |
| १२ | विद्यालयहरुलाई कम्प्यूटर तथा एल ई डी टिभि खरिद | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००. | २९९५६३. |
| १३ | बिद्यालय तथा वडा कार्यालयको लागि एलसिडि खरिद | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००. | २९९४५०. |
| १४ | मागमा आधारित तालिम तथा प्रबोधिकरण | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३६५०००. | २७५६०४. |
| १५ | विद्यालयका लागि कम्प्यूटर खरिद | आन्तरिक श्रोत | २६००००. | २६००००. |
| १६ | विभिन्न डिपिआर र गुरुयोजना निर्माण | राजस्व बाँडफाँड - संघीय सरकार | २४९६००. | २४९६००. |
|  | जम्मा |  | १७८४००००. | १५२१०१०३. |

## बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम |
|---|---|
| १ | ६० प्रतिशत अनुदानमा आलु बिउ वितरण |
| २ | ६० प्रतिशत अनुदानमा तरकारी खेती गर्ने कृषकहरुलाई प्लाष्टिक टनेलको लागि प्लाष्टीक वितरण |
| ३ | ६० प्रतिशत अनुदानमा फलफुल बगैचा व्यवस्थापनको लागि र औजार वितरण ( सिकेचर प्रुनिङ्स आदि वितरण) |
| ४ | ६० प्रतिशत अनुदानमा मकै छोडाउने मेशिन |
| ५ | ६० प्रतिशत अनुदानमा मौरी पालन गर्ने कृषकहरुलाई मौरीघार तथा अन्य आवश्यक उपकरणमा अनुदान कार्यक्रम |
| ६ | ६० प्रतिशत अनुदानमा व्यवसायिक किसानको लागि मल्चिङ् प्लाष्टिक वितरण |
| ७ | ७० प्रतिशत अनुदानमा कफि बिरुवा वितरण तथा छहारी व्यवस्थापनको लागि मेकाडेमिया नटको बिरुवा वितरण |
| ८ | ७० प्रतिशत अनुदानमा फलफुल बिरुवा वितरण |
| ९ | अनुदानमा कृषि चुन वितरण ( माटो जाँच गर्ने कृषकहरुलाई ७५ % अनुदानमा) |
| १० | आकस्मिक बालि संरक्षण ( समस्या पहिचानको आधारमा शतप्रतिशत अनुदानमा जैविक तथा अजैविक विषादि वितरण कार्यक्रम) |
| ११ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) |
| १२ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान |
| १३ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान |
| १४ | जिवन वचाउ उपचार केन्द्र उर्लाबारीलाई अनुदान |
| १५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान |
| १६ | दिवा खाजाको लागि थप अनुदान |
| १७ | दुध उत्पादन गरि चिस्यान केन्द्रमा बिक्री गर्ने किसानलाइ प्रोत्साहन अनुदान कार्यक्रम |
| १८ | नमुना बालगृह उर्लाबारीलाई अनुदान |
| १९ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान |
| २० | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान |
| २१ | प्राविधिक धार कक्षा ९-१२ का विद्यालयका लागि प्रयोगशाला सुदृढिकरणका लागि प्रस्ताबनामा आधारित अनुदान |
| २२ | बैजनाथ अधिकारी प्रारम्भिक सँस्कृतिक विद्यापीठ अनुदान |
| २३ | मधुमल्ला अस्पतालमा निशुल्क स्वास्थ्य परिक्षण तथा उपचारका लागि अनुदान |
| २४ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान |
| २५ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीप्राविधिक धारका प्रशिक्षक समेत) |
| | |

| | |
|---|---|
| २६ | मिक्लाजुङ साहित्य समाजलाई कार्यक्रममा आधारित अनुदान |
| २७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान |
| २८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| २९ | शिक्षण सिकाइ अनुदान |
| ३० | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान |
| ३१ | सिर्जना आ.वि लाई अनुदान दिने सम्बन्धी कार्यक्रम |
| ३२ | स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय संचालनको लागी प्रस्ताबनामा आधारित अनुदान |
| ३३ | स्वर्गीक मार्ग संघ भवन घेराबारा अनुदान (वडा न. ७) |
| | जम्मा |

## बेरूजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | वडा नं. | स्रोत | विनियोजन | खर्च | स्वामित्व विवरण |
|---|---|---|---|---|---|---|
| १ | बाल अस्पताल निर्माण | 9 | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | ७५००००० | ७५००००० | ऐलानी जग्गा हाल अस्पतालको भोकचलन रहेको |
| २ | भगवति स्कुल भवन निर्माण | 7 | आन्तरिक श्रोत | ७३००००० | ४५९४१३९ | विद्यालयकै हक जममा रहेको ऐलानी जग्गा |
| ३ | विश्व शान्ती भवन मिक्लाजुङ गाउँपालिका वडा नं. ९ | 9 | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | २५००००० | २५००००० | श्री भगवति मन्दिरको नाममा |
| ४ | साना किसान कृषी सहकारी संस्था लि. को अपुर्ण गोदाम घर निर्माण मिक्लाजुङ ९ मधुमल्ला | 9 | कोशी प्रदेश - शसर्त अनुदान पुँजीगत | १५००००० | १४९९००० | संस्थाको नाममा |
| ५ | जेष्ठ नागरिक भवन निर्माण (वडा नं. ४) | 4 | राजस्व बाँडफाँड – स्थानीय | ९०००००. | ७५०१११. | ४ नं. वडा कार्यालयको नाममा |
| ६ | नवदीप सामुदायिक भवन निर्माण (वडा नं. १) | 1 | राजस्व बाँडफाँड – स्थानीय | ६०००००. | ५८२०००. | ऐलानी |
| ७ | लेखडाडाँ खेलमैदान निर्माण (वडा नं १) | 1 | कोशी प्रदेश - समानिकरण अनुदान | ६०००००. | ५५३३००. | ऐलानी |
| ८ | साझवोटे फुटवल ग्राउण्ड निर्माण (वडा नं. १) | 1 | आन्तरिक श्रोत | ५०००००. | ५०००००. | व्याक्तिको नाममा तर विद्यालयलाई दिईएको |
| ९ | साझवोटे फुटवल ग्राउण्ड निर्माण (वडा नं. १) | 1 | राजस्व बाँडफाँड – स्थानीय | ५०००००. | ४१८५८५. | व्याक्तिको नाममा तर विद्यालयलाई दिईएको |
| १० | खोलागाउँ कृषि संकलन केन्द्र निर्माण | 1 | नेपाल सरकार - समानिकरण अनुदान | ४०००००. | ४०००००. | व्याक्तिको नाममा |
| ११ | श्री सत्य साई भजन समुहको भवन घेराबार मिक्लाजुङ ७ | 7 | राजस्व बाँडफाँड – स्थानीय | ३०००००. | २९१०००. | संस्थाको नाममा |
| १२ | स्वर्गीक मार्ग संघ भवन घेराबारा अनुदान (वडा न. ७) | 7 | राजस्व बाँडफाँड – स्थानीय | ३०००००. | २९१०००. | ऐलानी |
| १३ | नागरिक सचेतना केन्द्रमा शौचालय निर्माण | 1 | नेपाल सरकार - समानिकरण अनुदान | २५००००. | २३४३३४. | व्याक्तिको नाममा रहेको |
| १४ | सार्वजनिक सौचालय निर्माण वडा नं ९ | 9 | राजस्व बाँडफाँड – स्थानीय | २५००००. | २०७६२५. | ऐलानी जग्गामा |
| १५ | प्रशंसा चर्च ट्रस्ट निर्माण (वडा नं. ७) | 7 | राजस्व बाँडफाँड – स्थानीय | २०००००. | २०००००. | ऐलानी जग्गामा |
| १६ | प्रशंसा चर्च ट्रस्ट निर्माण (वडा नं. ७) | 7 | आन्तरिक श्रोत | २०००००. | १८८०००. | ऐलानी जग्गामा |
| १७ | राँकेडाँडा खेलमैदान मर्मत | 4 | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. | १९४०००. | ऐलानी जग्गामा |
| १८ | जातीँखोला खेलमैदान निर्माण ( वडा नं २ ) | 2 | कोशी प्रदेश - समानिकरण अनुदान | ५०००००. | १९२२०१. | ऐलानी जग्गामा |
| १९ | ज्योती मण्डली प्रवेशद्धार निर्माण (वडा ७) | 7 | राजस्व बाँडफाँड – स्थानीय | १५००००. | १४५५००. | ऐलानी जग्गामा |
